# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०९ | काठमाडौं | सोमबार, १० मंसिर २०८१ | Prabhab National Daily | Monday, November 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**दाइजो प्रथा निरूत्साहित गरौं**

- चल, अचल सम्पत्ति, दाइजोको रूपमा माग गर्नुहुदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुदैन,
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्नु हुदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यबहार गर्नु हुदैन,

यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।

विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कांग्रेसले तीन वर्षपछि पायो कोषाध्यक्ष

## सभापति देउवापत्नी आरजु राणाका व्यावसायिक साझेदार उमेश श्रेष्ठ कोषाध्यक्षमा मनोनीत

- कांग्रेस कोषाध्यक्ष बन्न ज्ञानेन्द्रबहादुर कार्की, उद्योगी विनोद चौधरी, देउवापत्नी आरजु राणासम्म लबिइङमा थिए
- आर्थिक क्षेत्रमा अनुभवी र इमान्दार भएकाले पनि देउवाले उक्त पद श्रेष्ठलाई सुम्पिएको दाबी
- उतरार्द्धकालमा आफूलाई सहयोग गरेकालाई धमाधम विभिन्न पदमा नियुक्ति दिँदै देउवा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको कोषाध्यक्षमा उमेश श्रेष्ठलाई मनोनीत गरेका छन् । आइतबार सभापति देउवाले पार्टी विधानको धारा २१ को उपधारा (४) बमोजिम श्रेष्ठलाई कोषाध्यक्ष पदमा मनोनीत गरेका हुन् ।

विधानअनुसार महाधिवेशन भएको छ महिनाभित्र कोषाध्यक्ष मनोनीत गर्नुपर्ने नियम भए देउवाले झण्डै तीन वर्षपछि पदाधिकारीमा पूर्णता दिएका हुन् । २०७८ मंसिर २९ गते भएको १४औं महाधिवेशनबाट देउवा दोस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित भएका हुन् ।

कांग्रेस कोषाध्यक्ष बन्न पूर्वअर्थमन्त्रीसमेत रहेका ज्ञानेन्द्रबहादुर कार्कीदेखि उद्योगी विनोद चौधरीसम्मले लबिइङ गरेका थिए । यसैगरी देउवापत्नी आरजु राणासमेत कोषाध्यक्ष बनेर पदाधिकारी बन्ने लाइनमा थिइन् ।

कार्की १४औं महाधिवेशनमा महामन्त्रीका आकांक्षीसमेत थिए । तर, गुट व्यवस्थापनका कारण प्रदीप पौडेललाई संस्थापनपक्षबाट महामन्त्रीको उम्मेदवार बनाउँदा कार्की बाहिरिएका थिए । महामन्त्रीको उम्मेदवार बन्न नपाएपछि कार्की देउवासँग रुष्ट बनेका थिए । पछि कोषाध्यक्ष बन्न उनले लबिइङ गरे पनि उनको कुनै सुनुवाइ भएन ।

उनीझैं व्यवसायी चौधरीसमेत जसरी पनि कोषाध्यक्ष बन्ने लाइनमा थिए । उनले आफूनिकट सञ्चारकर्मी डाकेर उक्त पदको दाबी गर्दै समाचारसमेत लेखाउँथे । देउवाले लामो समय पद रिक्त राखेपछि कतिपयले आरजुलाई यो पद दिने शंकासमेत गर्ने गरेका थिए ।

यद्यपि, देउवाले आरजुकै व्यावसायिक साझेदार श्रेष्ठलाई कोषाध्यक्ष बनाएका छन् । आरजु र श्रेष्ठको हाइड्रोदेखि शैक्षिक संस्थासम्म संयुक्त लगानी रहेको छ । २०७९ मंसिरको प्रतिनिधिसभा चुनावमा चितवनबाट उठेका श्रेष्ठले रवि लामिछानेसँग पराजय बेहोरेका थिए । उनी समानुपातिक सांसद भने पहिल्यै भइसकेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

# तुजुक देखाउँदै एमाले–बालेन

■ जेबी योञ्जन




**काठमाडौं–** राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले गत वर्षको चैत अन्तिम साता सरकारविरुद्ध प्रदर्शन गर्दा काठमाडौं महानगरपालिकाले जरिवाना तिर्नु भन्दै पत्र पठायो । पत्रमा प्रदर्शनको क्रममा राप्रपा नेता कार्यकर्ताले फोहोरमैला गरेको र ट्राफिक आइल्याण्डमा क्षति पुर्‍याएको भन्दै 'पाँच हजार २२२ रूपैयाँ जरिवाना तिर्नू' भनिएको थियो । राप्रपा प्रवक्ता सगुनसुन्दर लावतीका अनुसार गत ७ वैशाखमा राप्रपाले जरिवाना तिर्‍यो ।

गत शुक्रबार एमालेले अराजकताविरुद्ध भन्दै काठमाडौंको दरबारमार्गमा जागरणसभाको नाममा शक्ति प्रदर्शन गर्‍यो । प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले सभालाई सम्बोधन गरे । सभा सकिएको केही छिनमै काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहको निर्देशनअनुसार महानगरको नगर सुरक्षा बलले सडक क्षेत्रमा फोहोर गरी वातावरण प्रदूषित गरेको भन्दै एक लाख रूपैयाँ जरिवाना तिर्न एमालेको नाममा पत्र काटेको सामाजिक सञ्जालमार्फत सार्वजनिक भयो । आइतबार पत्र बुझाउन दलबलसहित एमाले केन्द्रीय कार्यालय च्यासलमा नगर प्रहरी पुग्यो । तर, एमालेले पत्र बुझाउन अस्वीकार गर्‍यो ।

पत्रअनुसार एमालेले जरिवाना नतिर्ने जनाएको छ । उल्टै एमालेले मेयर साह एमालेविरुद्ध परिचालित भएको र उनी 'स्टन्टबाजी'मा रमाएको आरोप लगाएको छ । यस्तोमा बालेनले आफ्नो नगर सुरक्षा बलका प्रहरी निरीक्षक के.के. भट्टराई नेतृत्वको टोलीलाई आइतबार अपराह्न जरिवानापत्र बुझाउन भन्दै एमाले पार्टी मुख्यालय च्यासल पठायो । भट्टराईले रिसेप्सनमा पत्र बुझाउन खोज्दै गर्दा पार्टी कार्यालयसचिव डा. भीष्म अधिकारी आइपुगे ।

उनले नगर प्रहरी बलका प्रहरी निरीक्षक भट्टराईलाई एमाले केन्द्रीय कार्यालय आयोजक नभएको भन्दै मेयरजस्तो मान्छेले सामान्य प्रशासनिक ज्ञान नराखी पत्र पठाएर स्टन्टबाजी गरेको बताए । पत्र बुझाउने शैली पनि नभएको भन्दै उनी आक्रोशित सुनिए ।

'महानगरले सामान्यतः के कुरा बुझ्नुपर्छ भने को आयोजक हो भन्ने थाहा पाउनुपर्छ र एउटा चिट्ठी बुझाउन यसरी जुन हर्कत गरिँदै छ, यो पनि अत्यन्तै बेठीक भएको छ,' कार्यालयसचिव अधिकारीले भने ।

एमाले महासचिव शंकर पोखरेल, पोलिटब्युरो सदस्य महेश बस्नेतलगायत थुप्रै नेता बालेनविरुद्ध खनिएका छन् । बालेनले पठाएको जरिवानापत्रलाई पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले त 'औचित्यहीन चिर्कटो' भनेका छन् । एमाले पंक्ति नै मेयर बालेनविरुद्ध उभिएका छन् ।

राप्रपा भने एमाले जसरी विवादमा रुमलिएन । पत्रअनुसारको जरिवाना महानगरलाई चुपचाप तिर्‍यो । तर, एमालेले नतिर्ने प्रस्ट शब्दमा भनेको छ ।

(क्रमशः पृष्ठ २ मा)



महानगरले सामान्यतः आयोजक हो भन्ने थाहा पाउनुपर्छ । एउटा चिट्ठी बुझाउन जुन हर्कत गरिँदै छ, अत्यन्तै बेठीक भएको छ ।

■ **डा. भीष्म अधिकारी**
**कार्यालय सचिव, नेकपा एमाले**



हाम्रो उद्देश्य विधिको शासनको कडाइपूर्वक कार्यान्वयन गर्नु भन्ने हो । त्यही आधारमा पठाएको चिट्ठीअनुसार जरिवाना बुझाउँछ भन्नेमा हामी विश्वस्त छौं ।

■ **नवीन मानन्धनर**
**प्रवक्ता, काठमाडौं महानगरपालिका**



जतिबेला बालेन बागमती किनारको सुकुम्बासी बस्ती हटाउन गए, त्यसलाई मूलतः एमालेले रोक्यो । त्यसपछि क्रमशः एमाले–बालेन सम्बन्ध बिग्रियो ।

■ **नरेन्द्रजंग पिटर**
**राजनीतिक विश्लेषक**

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोपको मागपत्र प्रमाणीकरण विभागबाटै गराउने तयारी



जुन देशमा नेपाली दूतावास र कूटनीतिक नियोगहरु छैनन् त्यहाँबाट आउने मागपत्र प्रमाणीकरण विभागले गर्न पाउनुपर्छ र वैदेशिक रोजगारीलाई सहजीकरण गर्नुपर्छ भन्ने उद्देश्यले काम गरिरहेका छौं ।

■ **सूर्यबहादुर खत्री**
**महानिर्देशक, वैदेशिक रोजगार विभाग**

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले रोजगारीका लागि युरोपेली मुलुकबाट आएको मागपत्र प्रमाणीकरण वैदेशिक रोजगार विभागबाट गराउने गरी तयारी गरेको छ । युरोपको रोजगारी सम्बन्धमा विशेष मापदण्ड बनाई संस्थागतरूपमा म्यानपावर कम्पनीमार्फत युरोपमा नेपाली कामदार पठाउनेगरी विभागबाटै मागपत्र प्रमाणीकरण गर्ने तयारी गरिएको हो ।

युरोपको मागपत्र प्रमाणीकरण हुन नसक्दा ठूलो संख्यामा रोजगारीको अवसर गुमिरहेको भन्दै आकर्षक गन्तव्यको रूपमा रहेको युरोपेली मुलुकहरूमा रोजगारी सुनिश्चित गर्न म्यानपावर व्यवसायीहरूले पटक-पटक ध्यानाकर्षण गराएपछि प्रक्रिया अघि बढाइएको विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले बताए । विभागले मागपत्र प्रमाणीकरणका लागि तयार पारेको मापदण्डको फाइल आवश्यक रायका लागि एक महिनाअघि नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत परराष्ट्र मन्त्रालयमा पठाइसकिएको उनले जानकारी दिए ।

'मागपत्र प्रमाणीकरणसम्बन्धी फाइल तयार गरेर श्रम मन्त्रालयमा पठाएका छौं, यसमा मन्त्रालयले परराष्ट्रसँग सहमतिका लागि राय माग गरेको छ,' महानिर्देशक खत्रीले भने, 'जुन देशमा नेपाली दूतावास र कूटनीतिक नियोगहरू छैनन् त्यहाँबाट आउने मागपत्र प्रमाणीकरण विभागले गर्न पाउनुपर्छ र वैदेशिक रोजगारीलाई सहजीकरण गर्नुपर्छ भन्ने उद्देश्यले काम गरिरहेका छौं ।'




अहिलेसम्म परराष्ट्रबाट कुनै राय वा प्रतिक्रिया आइनसकेको भन्दै उनले राय प्राप्त हुनेबित्तिकै बाँकी काम अघि बढ्ने बताए । म्यानपावर व्यवसायीले ल्याएका मागपत्र प्रमाणीकरण सहज भए व्यक्तिगतरूपमा युरोप रोजगारीका नाममा भ इरहेको ठगीसमेत नियन्त्रण हुने विभागले विश्वास लिएको छ । 'युरोपको मागपत्र प्रमाणीकरणमा समस्या नै छ, संस्थागतरूपमा कामदारलाई पठाउनसक्ने ग री मागपत्र प्रमाणीकरणको काम गर्न सकियो भने उनीहरूको हकअधिकार र सेवासुविधाको सुनिश्चितता हुन्छ,' महानिर्देशक खत्रीले भने, 'म्यानपावरमार्फत कामदार पठाउन सकियो भने बढी सुरक्षित हुने र व्यवसायी जवाफदेही हुने अवस्था आउँछ, साथै ठगी नियन्त्रणमा पनि मद्दत पुग्छ भन्ने लाग्छ ।'

दूतावास वा कूटनीतिक नियोग नभएका मुलुक वा सम्बन्धित मुलुक हेर्ने दूतावाससँग पर्याप्त स्रोत साधन नभएका कारण मागपत्र प्रमाणीकरणमा भइरहेको समस्या समाधानका लागि श्रममन्त्री शरतसिंह भण्डारीले अघिल्लोपटक मन्त्री हुँदा ल्याइएको 'वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि, २०८०' खारेज भइसकेको सन्दर्भमा परराष्ट्रको सहमति आएपछि बनाइएको नयाँ मापदण्ड मन्त्रिपरिषद्बाट पास गरी कार्यान्वयनमा जाने विभागको तयारी छ ।

म्यानपावर व्यवसायीहरूले आफ्नै खर्चमा बजार प्रवर्द्धन गरी युरोपको डिमाण्ड ल्याउने गरेको भन्दै सरकारले सहजीकरण नगरेका कारण लामो समयदेखि मागपत्र प्रमाणीकरण हुन नसकेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'हामी मलेसिया र खाडी मुलुकको विकल्प खोजिरहेका छौं,' उनले भने, 'युरोपमा रोजगारीको राम्रो अवसर छ, तर व्यवसायीले ल्याएका ५० हजारभन्दा बढी डिमाण्ड अझै पेण्डिङमा छन् ।'

(क्रमशः पृष्ठ २ मा)

# कोप-२९ को नतिजामा 'एलडिसी' समूहको असन्तुष्टि

## धनि तथा कार्बन उत्सर्जक मुलुकहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि ठोस निर्णय लिन आनाकानी गरिरहेकोप्रति एलडिसी समूहको आपत्ति



*तस्बिरः रासस*

'कोप-२९ ले एक अर्बभन्दा बढी मानिसहरूको आवाजको उपेक्षा गरेको छ । महत्त्वपूर्ण 'एजेन्डा'मा सहमति जुटाउन धेरै प्रयास गरेका थियौं, त्यो प्रयासका बाबजुद हाम्रो अपिललाई बेवास्ता गरियो । यसले यस्ता वार्ताहरूको आधारभूत विश्वासलाई कमजोर बनाउँछ ।

● **इभान्स एनजेवा**
**अध्यक्ष, एलडिसी**

■ प्रगति ढकाल

**काठमाडौं–** अतिकम विकसित मुलुकहरूको समूह (एलडिसी) ले कोप-२९ उपलब्धिमूलक नरहेको र संवेदनशील मुलुकका लागि धोका भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । अजरबैजानको बाकुमा आइतबार सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं शिखर सम्मेलन (कोप-२९) को नतिजा जलवायुजन्य संकटको सामना गरिरहेका मुलुकका हितमा नरहेको उनीहरूको टिप्पणी छ ।

शुक्रबार सम्पन्न हुने पूर्वनिर्धारित तालिका रहे पनि सहमति जुट्न नसक्दा दुई दिनपछि आइतबार बिहान कोप सम्पन्न भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### 'कोपमा सोचेजस्तो प्रगति भएन'

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा. सिन्धुप्रसाद ढुंगानाले कोपका उपलब्धि सोचेजस्तो नभएको टिप्पणी गरेका छन् । 'एलडिसीको धारणा नेपालको पनि धारणा हो, कोपमा आशातीत सफलता भएन,' उनले भने, 'जलवायु वित्त सहयोग १.३ त्रिलियन हुनुपर्ने हाम्रो माग रहेकामा जम्मा ३०० बिलियन सहयोग हुने भनिएको छ तर १.३ त्रिलियन दस्तावेजीकरण भएको छ । अब निरन्तर यसमा लागिरहनुपर्छ ।'

(क्रमशः पृष्ठ २ मा)

## पृष्ठ १ बाट क्रमशः

### तुजुक देखाउँदै...

राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटरका अनुसार एमाले-बालेन टकराव अहिलेको मात्रै होइन । झण्डै दुई वर्षयता एमाले र बालेनबीच विवाद हुँदै आएको छ । 'मेयर निर्वाचित भएपछि बालेन बालकोट पुग्दा त्यहाँ ओलीजीले बालेनलाई तबला उपहार दिएका थिए । तर, जतिबेला बालेन बागमती किनारको सुकुम्बासी बस्ती हटाउन गए, त्यसलाई मुलतः एमालेले रोक्यो,' पिटरले प्रभावसँग भने, 'यसपछि एमाले-बालेन सम्बन्ध बिग्रियो ।'

एकले अर्कालाई राजनीतिक दुश्मन शक्तिको रूपमा चिन्नेगरी प्रस्तुत हुँदै आएका छन् । कतिसम्म भने काठमाडौंको फोहोर व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयले पहल नगरेको भन्दै बालेनले एमाले नेता रघुवीर महासेठ सहरी विकासमन्त्री हुँदा मन्त्रालय अगाडि लगेर फोहोर फालेका थिए । कयौं दिन सिंहदरबारको फोहोर नै उठाएनन् ।

यसपछि काठमाडौंको न्युरोड क्षेत्रको सडक विस्तारमा पनि यी दुईबीच लामो संघर्ष नै चल्यो । लुम्बिनीकी एमाले सांसद रेखाकुमारी शर्माको काठमाडौंस्थित घरबाट मेयर बालेनले बालिकाको उद्धार गरे पनि कारबाहीका लागि ओलीले कदम नचालेको भन्दै बालेन आक्रोशित बने । सम्बन्धमा थप दरार पैदा भएको र एकअर्कालाई देखि नसहने स्थितिमा पुगेको छ । यतिसम्म कि बालेन समर्थकहरूले गत दसैंअघि प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीविरुद्ध सामाजिक सञ्जाल फेसबुकमा 'अनफलो' अभियान नै चलाए । लाखौंले ओलीलाई फेसबुकमा अनफलो गरे ।

यसपछि पछिल्लो विवाद प्रदर्शनको क्रममा फोहोर भएको विषयसँग केन्द्रित छ । काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार नियम कानुनमा टेकेर जरिवानापत्र काटेका कारण एमालेले इमान्दारसाथ जरिवाना तिर्नुपर्छ । 'एमाले संघीय सरकारको नेतृत्वमा छ । हामी स्थानीय सरकारमा छौं, हाम्रो उद्देश्य विधिको शासनलाई कडाइपूर्वक कार्यान्वयन गर्नु भन्ने हो,' उनले भने, 'त्यही आधारमा पठाएको चिट्ठीअनुसार जरिवाना बुझाउँछ भन्नेमा हामी विश्वस्त छौं ।'

बालेन मेयरका रूपमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका हुन् । उपमेयर एमालेकी सुनिता डंगोल छिन् । आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पारित गर्ने क्रममा सुनितालाई एमालेले बालेनविरुद्ध उभ्याएको टिप्पणी थियो । महानगरका अन्य वडाका जनप्रतिनिधिलाई पनि एमालेले बालेनविरुद्ध उभ्याउँदै आएको छ ।

प्रधानमन्त्रीको कुर्सीमा बसेर एमाले अध्यक्ष ओली बेलाबेला बालेनको आलोचना गर्छन् । बालेनले पनि ओली र उनको दल एमालेविरुद्ध आक्रोश पोख्ने गर्छन् । यो क्रम महिनौंयता चलिरहेको छ । राजनीतिक विश्लेषक पिटरको शब्दमा अहिले एमाले र बालेन तुजुक देखाइरहेका छन् ।

■■■

### कांग्रेसले तीन ...

२०७८ साउनमा देउवा नै सभापति भएको बेला स्वास्थ्य राज्यमन्त्री भएका श्रेष्ठ सोही वर्ष असोजमा विनाविभागीय मन्त्री बनेका थिए । शिक्षा क्षेत्रमा लामो समय बिताएका श्रेष्ठ निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) र निजी उच्च माध्यमिक विद्यालयहरूको संगठन (हिसान) का पूर्वअध्यक्ष हुन् । कांग्रेस कोषाध्यक्ष बन्न निर्वाचित केन्द्रीय सदस्य हुनुपर्छ । सभापतिको विश्वासयोग्य भएकोले उनलाई उक्त पदमा चयन गरेको कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा बताउँछन् । 'लामो अनुभव र सभापतिसँग विश्वासमा रहेर काम गर्नसक्ने पात्र उहाँ हुनुहुन्छ,' विश्वकर्माले भने । आर्थिक क्षेत्रमा अनुभवी र इमान्दार भएकाले पनि देउवाले उक्त पद श्रेष्ठलाई पुरस्कार दिएको बताइन्छ । देउवाले आफ्नो उतरार्द्धकालमा आफूलाई सहयोग गरेकालाई धमाधम विभिन्न नियुक्ति दिइरहेका छन् । विधानतः अब देउवा एक वर्षसम्ममात्र सभापति रहन पाउने छन् । त्यसपछि केन्द्रीय समितिमा सबैभन्दा शक्तिशाली मानिएका देउवा कांग्रेसको शक्तिघरबाट 'एक्जिट' हुने छन् ।

आफूले पाएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने श्रेष्ठले बताए । 'जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्नका लागि सबैको साथ र सहयोग अपेक्षा गर्दछु,' श्रेष्ठले भने । यसअघि कांग्रेसमा कोषाध्यक्ष निर्वाचित हुने व्यवस्था थियो । तर, १४औं महाधिवेशनमा भने कोषाध्यक्षको निर्वाचन भएन । २०७५ सालमा नवौं पटक संशोधित विधानले कोषाध्यक्ष केन्द्रीय समितिमा निर्वाचित केन्द्रीय सदस्यहरूबाट सभापतिले नाम प्रस्ताव गर्ने र केन्द्रीय समितिबाट निर्वाचित हुने व्यवस्था गरेको छ । कांग्रेस विधानको दफा २१ को ४ मा 'केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित केन्द्रीय कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष' रहने व्यवस्था छ ।

#### कोषाध्यक्षलाई के छ अधिकार ?

कांग्रेसको विधानअनुसार कोषाध्यक्षलाई पार्टीलाई आवश्यक स्रोत-साधनको व्यवस्था गर्ने, पार्टीलाई प्राप्त हुने शुल्क र अन्य सहयोग संकलन गर्ने अधिकार छ । यस्तै केन्द्रीय कार्यसमितिले निर्णय गरेको बैंकमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयअनुसार सञ्चालन गर्ने, सदस्यता शुल्क र अन्य सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षकै हुन्छ ।

संकलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णयअनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने, पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमितिमार्फत केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रस्तुत गर्ने, केन्द्रीय कार्यसमितिले पारित गरेको लेखा परीक्षणसम्बन्धी प्रतिवेदन केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने अधिकार विधानले कोषाध्यक्षलाई दिएको छ ।

■■■

### कोप-२९ को...

कोप सकिए पनि बाकु सम्झौताप्रति अहिले आलोचना बढिरहेको छ । धनि तथा कार्बन उत्सर्जक मुलुकहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि ठोस निर्णय लिन आनाकानी गरिरहेको भन्दै एलडिसी समूहले आपत्ति जनाएको हो ।

जलवायु संकटमा मुख्य जिम्मेवार रहेका देशहरूले फेरि एकपटक अतिकम विकसित देशहरूको अभियानलाई असफल बनाएको एलडिसीको टिप्पणी छ । 'हामीले बाकु छाड्दै गर्दा न त महत्त्वाकांक्षी जलवायुवित्त लक्ष्य तोकिएको छ, न त तापक्रम वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्ने ठोस योजना । न त अनुकूलनका उपाय, क्षति तथा नोक्सानीको क्षतिपूर्तिका लागि आवश्यक व्यापक सहयोगको विषयमा स्पष्ट नतिजा दिन सकेको देखियो,' एलडिसीका अध्यक्ष इभान्स एनजेवाले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'यो असफलता मात्र होइन, विश्वासघात हो ।'

पछिल्ला तीन वर्षको अथक प्रयास, अतिकम विकसित देशहरूले न्यायका लागि गरेको इमान्दार प्रयास र समस्या समाधानका लागि गरेको मिहिनेतलाई बेवास्ता गरिएको उनको भनाइ छ । अध्यक्ष एनजेवाले शक्तिशाली राष्ट्रहरूले नेतृत्व, महत्त्वाकांक्षा र जलवायु संकटको अग्रपंक्तिमा रहेका अर्बौं मानिसको जीवनप्रति कुनै ध्यान नदिएको आरोप लगाए । 'आज (आइतबार) सम्पन्न भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलनले एक अर्बभन्दा बढी मानिसहरूको आवाजको उपेक्षा गरिएको छ,' उनले भनेका छन्, 'महत्त्वपूर्ण 'एजेन्डा'मा सहमति जुटाउन धेरै प्रयास गरेका थियौं, त्यो प्रयासका बाबजुद हाम्रो अपिललाई बेवास्ता गरियो । यसले यस्ता वार्ताहरूको आधारभूत विश्वासलाई कमजोर बनाउँछ र विश्वव्यापी ऐक्यबद्धताको भावनाको मजाक बनाउँछ ।'

नयाँ सामूहिक परिमाणात्मक लक्ष्य (एनसिक्युजी) पनि असफलताको स्पष्ट प्रतीक रहेको टिप्पणी गरिएको छ । 'एनसिक्युजीमा हाम्रो महत्त्वाकांक्षा अनुसारको सहमति भएन, यो तत्कालिक आवश्यकतासँग मेल खाँदैन । सबैभन्दा संवेदनशील क्षेत्रलाई उपेक्षा गरिएको छ । राष्ट्रिय निर्धारित योगदान (एलडिसी) र साना द्वीप राष्ट्रहरूको आवश्यकतालाई बेवास्ता गरेको छ । क्षति र नोक्सानको बेवास्ताले एलडिसीमा पर्ने मुलुकहरूलाई जलवायुजन्य संकटको पीडामा नै छोड्ने छ,' अध्यक्ष एनजेवाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

उनी अतिकम विकसित देशहरूको समूहका अध्यक्ष र मलावी सरकारको जलवायु परिवर्तन र युएनएफसिसिसीका सम्पर्कबिन्दु प्रमुखसमेत हुन् । एलडिसी समूहमा अफ्रिका, एसिया-प्रशान्त र क्यारिबियनका ४५ देशको प्रतिनिधित्व रहेको छ, जसको संयुक्त जनसंख्या एक अर्बभन्दा बढी छ ।

#### "ठूला अर्थतन्त्र र धेरै कार्बन उत्सर्जन गर्नेहरूको जित"

कोपमा उपस्थित नेपाली प्रतिनिधिहरू भने कोपका निचोडका केही एजेन्डाले उत्साहित छन् भने सहमति नजुटेका एजेन्डाले निराश बनाएको छ । 'बहुपक्षीय वार्ता प्रक्रियाहरूमा जित्ने र हार्ने नहुनुपर्ने हो तर बाकुमा सम्पन्न कोप-२९ मा सबैभन्दा ठूला अर्थतन्त्र र सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्नेहरूको जित भयो भने जलवायु परिवर्तनको सबैभन्दा बढी असर भोगिरहेका देशहरूलाई पछाडि पारेर जलवायु वित्त र उत्सर्जन कटौती गर्ने बारेमा न्यून उपलब्धि भएका छन्,' जलवायुविद् मञ्जित ढकालले भने, 'बाकु सम्मेलनमा भएका उपलब्धिहरूलाई फर्केर हेर्दा नेपाललगायत जलवायुजन्य प्रकोपका हिसाबले संवेदनशील देशहरूलाई आवश्यक स्रोतको सुनिश्चित गर्न र विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता देखिन्छ ।'

कोप-२९ ले जलवायु वित्त, कार्बन बजार, अनुकूलन र लैंगिक समानताको क्षेत्रमा नयाँ आयाम थप्दै विश्वव्यापी जलवायु कार्यलाई एकीकृत गर्न महत्त्वपूर्ण योगदान दिएको र अब थप परिणाममुखी निर्णयहरू लिन विश्वभरिका देशहरूले तयारी गर्ने युएनएसिसिसीको सचिवालयले जनाएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि कोप-२९ मा जलवायु वित्त सहयोग र पृथ्वीको तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्नका लागि कार्बन उत्सर्जन न्यूनीकरणमा भएका सहमति अपेक्षा गरिएअनुसार नभएको टिप्पणी गरेका छन् । *रासस*

■■■

### 'कोपमा सोचेजस्तो...

पर्वतको विषय कोपमा दस्तावेजीकरण हुनु भनेको नेपालका लागि उपलब्धिमूलक भएको र आगामी कोपमा निर्णयका रूपमा आउनसक्ने उनले अपेक्षा व्यक्त गरे । 'कोपको निर्णयमा एनसिक्युजी अगाडि बढेको छ । बहुपक्षीय कोषको आकार बढ्नुपर्छ भनेका थियौं, द्विपक्षीय सहायता बढाउनुपर्छ भन्ने कुरा आएको छ, यसले दातृ निकायहरूसँग पनि जलवायु वित्तका लागि पैरवी गर्न पाइन्छ,' ढुंगानाले भने, 'नेपाल कार्बन व्यापारमा जाने तयारी गरिरहेको छ, अर्को पक्षले कार्बन किन्छु भनेर पनि नकिनेमा पनि अब पेरिस सम्झौतामा टेकेर अगाडि बढ्न पाइन्छ, यी नेपालको हितमा गरिएका महत्त्वपूर्ण निर्णय हुन् ।'

■■■

### युरोपको मागपत्र...

व्यवसायीले मागपत्र प्रमाणीकरणमा सहजीकरण गरिदिन सरकारसँग माग गर्दै आइरहेको सन्दर्भमा विभाग र मन्त्रालयबाट भइरहेको प्रयासलाई सकारात्मक रूपमा लिइएको अध्यक्ष भण्डारीले बताए । युरोपका रोमानिया, क्रोएसिया, माल्टा, पोर्चुगल, पोल्याण्डलगायतका मुलुकहरूमा नेपाली कामदारको माग उच्च रहे पनि मागपत्र प्रमाणीकरण हुन नसक्दा रोजगारीको अवसर गुमाउनुपरेको व्यवसायीहरूले बताउँदै आएका छन् । हाल बेलायत, जर्मनी र अस्ट्रियामामात्रै नेपाली दूतावास रहेका छन् । यी नै दूतावासले युरोपेली मुलुकहरूमा कार्यसम्पादन गर्नुपर्ने अवस्था छ । यी दूतावासले स्रोतसाधन र जनशक्ति अभावका कारण रोजगारीका लागि व्यवसायीले ल्याएका मागपत्र प्रमाणीकरण गर्न नसकेको बताउँदै आएका छन् ।


## साउदीमा रोजगार

कम्पनी : MOUNA MUTLAQ ALSAMUD FOR MINING.

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314148 | चलानी नं.६०२२८५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 1000 | ३६,००० | | | | | | | |

कम्पनी : MONA MUTLAQ AL SAMOUD MARKETING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314147 | चलानी नं.६०२२८५४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOUNA MUTLAQ ALSAMUD FOR MINING.

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314146 | चलानी नं.६०२२८५२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /labour | 4 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल

| S.N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Total MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | TV | Konka | KE32MS2024 | India | PCS | Npr | 19,500 |

बिक्रेताको फर्मको नामः Saurabh Photo International | स्थायी लेखा नंः 300050271
ठेगानाः Neupane Tower, Tinkune, Subidhanagar | फोन नंः 01-4111630


## Sharada Municipality

### Water Sector Governances structure Support Project (WaSGISP)

**Project Implementation Unit (PIU)**
**Sharada Municipality, Salyan, Karnali Province**

### Notice of Financial Bids Opening

Date of publication: 25th November 2024

This is to notify to all the bidders who have submitted Technical and Price Bid for the **Construction of Public Toilets in Sharada Municipality, Salyan (Contract Identification Number: (NP-DWSSM-424276-CW-RFB)** as per invitation for bid notice published on 12th August 2024 in Nagarik Daily Newspaper and on PPMO Website. The details of Technical Evaluation of the contract are mentioned below:

***Detail of Technical Evaluation for Contract ID: NP-DWSSM-424276-CW-RFB***

| SN | Bidder's Name and Address | Responsive/ Non Responsive | Remarks |
|---|---|---|---|
| 1. | Kinara Nirman Sewa, Dhangadi, Kailali | Responsive | |
| 2. | Narayanam Nirman Sewa P. Ltd., Nepalgunj, Banke | Responsive | |
| 3. | Royal Construction, Dhangadi, Kailali | Responsive | |
| 4. | Sons & Sons -Gahil JV, Rajbiraj | Responsive | |
| 5. | Sagarmatha Ghimire Nirman Sewa Pvt. Ltd, Yamkha-4, Khotang | Responsive | |
| 6. | Ishan Construction Pvt.Ltd, Balaju-16, Kathmandu | Responsive | |
| 7. | Nikita Engineering Construction Company P. Ltd., Gongabu-7, Kathmandu | Responsive | |
| 8. | GAURI PARBATI-TIRUPATE J.V, Ghorahi, Dang | Responsive | |
| 9. | GT/B&P. JV, Birendranagar-7, Surkhet | Non-Responsive | Does not meet 2.3.2 of Section III: Evaluation & Qualification Criteria |
| 10. | Purnachandi/B.C. /B&B JV, Salyan, Nepal | Non-Responsive | |
| 11. | Basnet Nirman Sewa, Sinamangal, Kathmandu | Non-Responsive | |
| 12. | JIMBA/KRISH/JENISHA-JV, Sharada-3, Salyan | Non-Responsive | |
| 13. | Subha N.S-Griha JV, Tokha-11, Kathmandu. | Non-Responsive | |
| 14. | Mahat and budhathoki Construction Pvt. Ltd, Sarada-8, Salyan | Non-Responsive | |
| 15. | T.S/Y. S/Jay Ganesh JV, Baijanath-4, Banke | Non-Responsive | |
| 16. | BANGALAMUK HI-SMIRITI BISHAL J.V, Gokarneshwor, Kathmandu | Non-Responsive | |
| 17. | Balarupi/New Ambe JV, Ghorahi-15, Dang | Non-Responsive | |
| 18. | Abhiyan Construction Pvt. Ltd, Buddhanagar-10, Kathmandu | Non-Responsive | |
| 19. | P.S. Nirman Sewa, Naubasta-8, Banke | Non-Responsive | |

We would like to invite the above mentioned responsive bidders to attain the opening of price bid in the following mentioned details:

**Date: 2nd December 2024**
**Time: 1:00 PM**
**Place: Project Implementation Unit, Sharada Municipality, Salyan**

**PIU Manager**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

सोमबार, १० मंसिर, २०८१

**मेष** दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना ।
**वृष** सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने ।
**मिथुन** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने ।
**कर्कट** रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ ।
**सिंह** सफलताले हौसला, विशेष काममा जग बसाउने ।
**कन्या** सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण ।
**तुला** फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन ।
**वृश्चिक** नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने ।
**धनु** अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता ।
**मकर** दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ ।
**कुम्भ** अरूको करकापमा काम गर्न बाध्य ।
**मीन** पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० मंसिर, २०८१ (२५ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.८२ | १३५.४२ |
| युरो | १ को | १४०.५२ | १४१.१४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.८६ | १६९.६१ |
| स्विस फ्रेन्क | १ को | १५१.७५ | १५२.४२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.६३ | ८८.०२ |
| क्यानाडियन डलर | १ को | ९६.३७ | ९६.८० |
| सिङ्गापुर डलर | १ को | १००.०४ | १००.४९ |
| जापानी येन | १० को | ८.७३ | ८.७७ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९१ | ३६.०७ |
| कतारी रियाल | १ को | ३६.९७ | ३७.१३ |
| थाई भाट | १ को | ३.९१ | ३.९२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.७१ | ३६.८७ |
| मलेसियन रिङेट | १ को | ३०.१८ | ३०.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.५९ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.१७ | १२.२२ |
| डेनिस क्रोनर | १ को | १८.८४ | १८.९३ |
| हङकङ डलर | १ को | १७.३२ | १७.४० |
| कुवेती दिनार | १ को | ४३८.०० | ४३९.९५ |
| बहराइन दिनार | १ को | ३५७.६८ | ३५९.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उपनिर्वाचन हुने स्थानीय तहमा सहज वातावरण बनाइने

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले यही मंसिर १६ गते उपनिर्वाचन हुने स्थानीय तहमा सहज वातावरण बनाउने भएको छ । आयोगले उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न/गराउन उपनिर्वाचन हुने स्थानीय तहमा मतदानस्थल उपयोग गर्ने, सार्वजनिक बिदा दिने र मतदाताका लागि मतदान गर्न सहज वातावरण बनाउने भएको छ ।

आयोगको आइतबारको बैठकबाट उपनिर्वाचनका लागि यही मंसिर १३ गतेदेखि मंसिर १६ गते मतदान सम्पन्न नभएसम्म मतदानस्थलका रूपमा कायम भएका सामुदायिक विद्यालय, निजी विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, औद्योगिक प्रतिष्ठान वा अन्य सार्वजनिकस्थल निर्वाचन प्रयोजनका लागि उपयोग गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत उपनिर्वाचन हुने सबै स्थानीय तहलाई निर्देशन दिने निर्णय गरिएको आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।

मतदान हुने दिन स्थानीय तहको प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुने स्थानीय तहमा सम्बन्धित स्थानीय तहभर र वडाध्यक्षको उपनिर्वाचन हुने स्थानीय तहमा वडाको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहअन्तर्गतका कार्यालयमा सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने आयोगले निर्णय गरेको उनले बताइन् ।

उपनिर्वाचन हुने स्थानीय तहका मतदातालाई बिदाको सुविधा वा अन्य उपयुक्त वैकल्पिक उपाय अपनाइ मतदान गर्ने सहज व्यवस्था मिलाइदिन सम्बन्धित स्थानीय तह वा जिल्लास्थित निजी क्षेत्रबाट सञ्चालित औद्योगिक वा शैक्षिक वा अन्य प्रतिष्ठानलाई आह्वान गर्ने आयोगले निर्णय गरेको छ ।

# मृत्युपश्चात् मानव अंगदान गर्ने परिवारलाई दुई लाख

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मृत्युपश्चात् मानव अंगदान गर्ने परिवारलाई दुई लाख रूपैयाँ दिने निर्णय गरेको छ । यसअघि भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमार्फत एक लाख रूपैयाँ दिने गरिएकामा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले दाताका परिवारलाई एक लाख रूपैयाँ थप गरी दुई लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो ।

अंगदानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको ५० हजार रूपैयाँमा मन्त्रालयले २५ हजार रूपैयाँ थप गरेर ७५ हजार रूपैयाँ पुर्‍याएको छ । उक्त निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी सहमति दिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

स्वास्थ्यमन्त्री पौडेल स्वयंले पनि यसअघि मृत्युपश्चात् अंगदान गर्ने घोषणा गरिसकेका छन् । देशभर हरेक वर्ष मृगौंला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अंग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेका केन्द्रले जनाएको छ ।

विद्यमान कानुनी व्यवस्थाअनुसार जीवित रगतको नाता पर्नेबाहेकले अंगदान गर्न पाउँदैनन् । मृत्युपश्चात् भने अंगदान गर्न पाउने व्यवस्था छ । मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अंग अरू जीवित व्यक्तिलाई प्रत्यारोपण गर्न सकिन्छ ।

हाल भक्तपुरको सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रले देशमा बर्सेनि २०० मिर्गौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ । यो कूल अंग प्रत्यारोपणको झण्डै ७० प्रतिशत हो । वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अंग प्रत्यारोपण गर्दै आइरहेका छन् ।

मानव अंग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठले स्वास्थ्यमन्त्री पौडेलको यो निर्णय सकारात्मक रहेको बताए । 'एक वर्षमा हजारौं मानवको मष्तिष्क मृत्यु हुन्छ । एक जनाबाट आठवटा अंग प्राप्त हुन्छ । जनचेतनाको अभाव, अस्पतालसम्मको पहुँच नहुनुलगायत विभिन्न कारणले दान दिने परिवार कम छन् । अंगदानले कसैको ज्यान बच्नुका साथै आर्थिक सहायता पनि हुन्छ,' उनले भने ।

केन्द्रका अनुसार हालसम्म पाँचजना मष्तिष्क मृत्यु भएकाबाट १० वटा मिर्गौला र तीनवटा कलेजो प्रत्यारोपण गरिएको छ । यथाशीघ्र मुटु र फोक्सो प्रत्यारोपणको पनि तयारी भइरहेको डा. श्रेष्ठले जानकारी दिए । उनका अनुसार हाल एक हजारभन्दा बढी मिर्गौला तथा ५५ जना कलेजोका दाता प्राप्तिको प्रतीक्षामा छन् । सरकारले मानव अंग प्रत्यारोपण नियमावली, २०७३ जारी गरी मस्तिष्क मृत्यु (ब्रेनडेथ) भएका व्यक्तिको अंग झिकी जीवित व्यक्तिमा प्रत्यारोपण गर्नसक्ने व्यवस्था गरेको छ ।

## नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
## NAWAKANTIPUR
### Saving and Credit Co-operative Society Ltd.

प्रधान कार्यालय: बत्तिसपुतली, काठमाडौं, फोन: ४५९८८०१, ४५६२०५८
शाखा कार्यालय: इन्द्रचोक, काठमाडौं, फोन: ५३२३१४१, ५३४८९०६
www.nawakantipur.com.np info@nawakantipur.com.np

### २७औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१०

**आदरणीय शेयर सदस्य महानुभावहरू,**
यस संस्थाको मिति २०८१/०८/०९ गते आईतबार बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको २७औं वार्षिक साधारणसभा तपसीलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरि निर्णय पारित गर्नका लागि निम्न मिति, स्थान र समयमा आयोजना हुने भएकोले संस्थाका सम्पूर्ण सदस्य महानुभावहरूलाई सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफलका विषयहरू:**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२. आ.ब. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.ब. २०८०/०८१ को लेखापरिक्षकबाट प्रस्तुत हुने वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. संचालक समितिबाट आ.ब. २०८०/०८१ को बिभिन्न मितिमा भएका निर्णयहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. चालु आ.ब. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. आ.ब. २०८०/०८१ को मुनाफाबाट सञ्चालक समितिबाट प्रस्तावित शेयर लाभांश वितरण सम्बन्धमा ।
७. आ.ब. २०८०/०८१ को संरक्षित पूँजि फिर्ता कोष वितरण सम्बन्धमा ।
८. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने चालु आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम एवं बजेट उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति, लेखा सूपरिवेक्षण समिति तथा प्रमुख कार्यकारी अधिकृत को भत्ता, सेवा सूविधा तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१०. संस्थाको आन्तरिक निती तथा कार्यविधी पारित गर्ने सम्बन्धमा ।
११. साधारण सभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरूको चयन गर्ने एवं एकाई प्रतिनिधीहरूको सभामा निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरूको चयन गर्ने सम्बन्धमा ।
१२. संस्था एकिकरण सम्वन्धमा ।
१३. संस्थाको भवन निर्माण सम्वन्धमा ।
१४. विविध ।

**सभा हुने मिति, स्थान र समय :**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८१/०९/१० | १ | भक्तपुर र ललितपुर जिल्लाभर, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, र ३२ तथा नागार्जुन, चन्द्रागिरी, किर्तिपुर, दक्षिणकालि नगरपालिका क्षेत्रभरका सदस्यहरू | दिउँसो ३:०० बजे | न्यूजा पार्टी भेन्यू, बागबजार, काठमाण्डौ |
| २०८१/०९/१३ | २ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २, ३, ४, ५, ६, ७, ८, ९,तथा तारकेश्वर, टोखा, बुढानिलकण्ठ, शंखरापुर, गोकर्णेश्वर, कागेश्वरी मनहरा नगरपालिका क्षेत्रभरका सदस्यहरू | दिउँसो ३:०० बजे | स्मार्ट दरबार पार्टि प्यालेस, महाराजगञ्ज, शंखपार्क, काठमाण्डौ |

**द्रष्टव्य:** साथै साधारण सभा सम्बन्धि सूचना कार्यालयको सूचना पाटी, संस्थाको आधिकारीक फेसबुक पेज तथा वेभसाईटमा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**२७औं बार्षिक साधारणसभा सम्बन्धि अन्य जानकारी**
१. संस्थाको डिजिटल बार्षिक प्रगती प्रतिवेदन सदस्य महानुभावहरूको आधिकारीक मोवाईल नं. मा एस एम एस मार्फत पठाईनेछ । साथै ईकाई बैठकमा रहनुहुने सदस्यहरूलाई साधारण सभा अगावै एस एम एस मार्फत समेत सूचना प्रदान गरिनेछ ।
२. साधारणसभाको प्रत्यक्ष प्रसारण संस्थाको आधिकारीक सामाजिक सञ्जाल फेसबुक पेज (www.facebook.com/NawakantipurLTD) मार्फत गरिनेछ ।
३. साधारणसभाको कार्यसूची एवं आ.ब. २०८०/८१ को बार्षिक प्रतिवेदन संस्थाको वेभसाईट www.nawakantipur.com.np मा हेर्न तथा Download गर्न तथा संस्थाको कार्यालय वा आधिकारीक प्रतिनिधी मार्फत प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ ।
४. साधारणसभाको एकाई बैठकका प्रतिनिधीहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय) २०८१ पौष २० गते शनिबार दिउँसो ३:०० बजे धुम्रबराह पार्टी भेन्यू, धुम्बाराही, काठमाण्डौमा हुनेछ ।

संचालक समितिको आज्ञाले
खिलानाथ घिमिरे
सचिव

## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल

कनकाई न.पा-०३, झापा
कोशी प्रदेश नेपाल

### बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०८/०९**

यस कनकाई नगरपालिका झापाको कनकाई हस्पिटलमा संचालित अस्पताल ल्याबमा आ.व. २०८१/०८२ का लागि आवश्यक पर्ने ल्याब केमिकल तथा ल्याब सामाग्री खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनि, फर्म तथा आधिकारिक बिक्रेताहरूबाट निम्न शर्तहरूको अधिनमा रही रित पुर्वक विधुत्तिय बोलपत्र आव्हान गरिएको छ ।

| क्र.स | सम्झौता संकेत नं. | विवरण | बोलपत्र फारम शुल्क | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | धरौटी रकम | बोलपत्रको मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | KANKAI/NCB/GOODS/2/2081-82 | Procurement of lab chemical and Reagents & related Items for Hospital supply (Erba Xl-200 Fully Biochemistry and Yhlo Immunoassay) | ३००० | २०८१/०९/०९ गते दिनको १२:०० बजे सम्म | १६२०००/- | ९० दिन | १२० दिन |
| २ | KANKAI/NCB/GOODS/3/2081-82 | Procurement of lab chemical and Reagents & related Items for Hospital supply (Snibe Fully Biochemistry Analyzer (Biossays 240 Plus) | ३००० | २०८१/०९/०९ गते दिनको १२:०० बजे सम्म | ८२०००/- | ९० दिन | १२० दिन |
| ३ | KANKAI/NCB/GOODS/4/2081-82 | Procurement of lab chemical and Reagents & related Items for Hospital supply. | ३००० | २०८१/०९/०९ गते दिनको १२:०० बजे सम्म | १०७०००/- | ९० दिन | १२० दिन |

## Bagamati Province Government
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Infrastructure Development Office
### Dhadingbesi, Dhading

# Invitation for Bids

**IFB No:- IDODHADING/IFB-05/2081/82**
**Date of Invitation of Bid: 2081-08-10**

1. Infrastructure Development Office (IDO), Dhading, invites electronic bids from eligible bidders for the construction of contracts mentioned below

| S.N | Contract ID | Project Name | Estimated Amount in NRs. (Including VAT & PS) | Bid Security (Nrs.) |
|---|---|---|---|---|
| 1 | IDODHADING/W/NCB/R-18/2081/82 | Improvement of Road under package-12, Siddhalekh-05, Dhading {MabiKhola Kamrang KumpurDanda Sadak, Siddhalekh-05; Bunchung Syakhutar Chepe Bungdanda Sadak, Siddhalekh-05} | 3,864,080.90 | 90,000.00 |
| 2 | IDODHADING/W/NCB/R-19/2081/82 | Road Improvement of Kalidaha Kumpur Bhangjyang Sadak , Siddhalekh-05, Dhading | 2,499,599.37 | 60,000.00 |

2. Cost of each Bidding Document is Nrs. 3,000.00
3. Pre-bid meeting shall be held on Dec-13, 2024 at 11:00 in Infrastructure Development Office, Dhading.
4. Last date of bid submission is 26th Dec, 2024 at 12:00 and bid opening shall take place in Infrastructure Development Office, Dhading on 26th Dec, 2024 at 13:00.
5. Detail information related to respective invitation for bids can obtain from PPMO's e-GP system Website: http://www.bolpatra.gov.np/egp.


## साउदीमा रोजगार
कम्पनी : TAMEER AL SANAIYAH GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ | LT. No. 313880 | चलानी नं. ६०२२८३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Helper/Loader | 3 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

## कतारमा रोजगार
कम्पनी : SUNLIGHT CLEANING & CONTRACTING W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314098 | चलानी नं. ६०२२८५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 1 | 0 | 1200 | ४४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 0 | 1 | 1000 | ३७,०२५ | | | | | | | |
| 3 | Gen Clean Worker | 8 | 2 | 1000 | ३७,०२५ | | | | | | | |
| 4 | Gen Clean Workers | 5 | 0 | 1000 | ३७,०२५ | | | | | | | |
| 5 | Labourers | 1 | 0 | 1000 | ३७,०२५ | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 1400 | ५१,८३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## साउदीमा रोजगार
कम्पनी : Universal Cold Store Food Products Factory Company Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314161 | चलानी नं. ६०२२८५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 9 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.** Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

## साउदीमा रोजगार
कम्पनी : Modern Distinctive Arabian Energy Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314124 | चलानी नं. ६०२२८५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FORKLIFET DRIVER | 3 | 0 | 1400 | ५०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.** Govt. License No. 1283/074/75
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Ain Al Nafoud Water Bottling Company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 311320 | चलानी नं. ६०२२८५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.** श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## साउदीमा रोजगार
कम्पनी : Energia Model General Contracting Company

पूर्व स्वीकृति मिति २०८१/०८/०६ | LT. No. 314030 | चलानी नं. ६०२२८४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DIKSHYA OVERSEAS PVT. LTD.** Gov Lic No: 1691/080/081
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, 9849999020, Email: chiranjivee@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सांसदलाई हाइसञ्चो

गत भदौ ३१ गते प्रतिनिधिसभाको चौथो अधिवेशन अन्त्य भयो । त्यसयता दसैंतिहार, छठलगायत मुख्य चाडपर्व सकियो तर प्रतिनिधिसभा हिउँदे अधिवेशनका लागि चालचुल नगरी बसेको छ । सभामुख देवराज घिमिरे कम्बोडियातिर उडेका छन् भने संसद्का सचिव सुरेश अधिकारीले राजीनामा दिएका छन् । विधेयक अधिवेशनको नामले चिनिएको संसद्मा यसपटक थुप्रै विधेयक आउने तयारीमा छ । प्रतिनिधिसभामा महत्त्वपूर्ण मानिने विधेयकहरू यसपटक संसदीय समिति हुँदै आउनुपर्ने हो ।

तर 'मिनी संसद्' का रूपमा चिनिएको संसदीय समिति नै विभिन्न बहानामा बस्न सकेको छैन । प्रतिनिधिसभामा हाल १० वटा संसदीय समिति छन् । तिनमा १५ विधेयक अड्किएका छन् । भ्रष्टाचार निवारण (पहिलो संशोधन), निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) र संघीय निजामती सेवा विधेयक अड्किएका छन् । पारदर्शी शासनसत्ता र संघीय प्रणालीअनुरूपमा शासनका लागि टड्कारो कानुनहरू अझै नबन्दा संघीयताप्रति वितृष्णा बढ्दो छ ।

तर सांसदहरू भने दुई महिनादेखि तलब बोनस लिएर भ्याकेसनमा छन् । सभामुख घिमिरेले संसदीय समितिको बारेमा चासो राख्दा समितिका सभापतिहरूले सांसद नै नभेटिने बताएका छन् । सांसदहरू पार्टीको कार्यक्रममा जिल्ला खटिने, उपनिर्वाचनका लागि खटिनेजस्ता कारण देखाउँदै समितिको बैठक बस्न सकेको छैन ।

जनताको आवाज बुलन्द गर्नुपर्ने सदन अहिले सरकारले सञ्चालन गर्न सकेको छैन । एकातिर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने हिरासतमा छन् जुनसुकै बेला विशेष अधिवेशन बोलाउन सक्छु भन्दै भाषणबाजीमा उत्रिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि मौन छन् । विपक्षी दल बलियो छ भनेर सडकमा शक्ति प्रदर्शन गर्ने नेता दाहालको शक्ति प्रदर्शनको जवाफ प्रधानमन्त्री केपी शर्मा ओलीले सडकबाटै फर्काइसके । सत्तारुढ अर्को ठूलो दल नेपाली कांग्रेस जसले संसदीय शक्तिमा विश्वास गर्छ, ऊ पनि यतिबेला मौन छ ।

संसद्को अधिवेशन बोलाउने जिम्मेवारी सभामुख घिमिरेको हो, तर उनी दलको सहमतिविना अघि बढ्न सक्दैनन् । जसका कारण जनताको समस्या र मागहरू घन्कनुपर्ने संसद् अहिले बन्द छ । कुनै शक्तिको डरत्रासका कारण सरकारले नै संसद् अमूक व्यक्तिको बन्दकी बनाउन हुँदैन । अहिले हवाई भाडा चर्किनुका साथै महँगी र बेरोजगारी समस्याले जनता अक्रान्त छन् । बाढीपहिरोपीडित चिसोमा कठ्यांग्रिन थालेका छन् । तिनको आवाजलाई मुखरित गर्ने थलो खुला गर्न सांसदहरूले पनि दबाब दिनुपर्छ, यसरी हाइसञ्चो मानेर बस्ने हैन ।

## मनन्योग्य

### चाणक्य नीति

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं । पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ ।

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आवद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ । क्रमशः

# जनसंख्या र विकासका सवाल


डा. उद्धव सिग्देल

> हामीसँग अहिले युवा जनसंख्या छ । यस अवस्थामा हामीले आर्थिक विकासमा जनसंख्याको सदुपयोग र विकासको दायरा बढाउँदै जानुपर्ने हुन्छ । यही बढेको दायराबाट हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सक्छौं । ज्येष्ठ नागरिकले भोलिका दिनमा राजनीतिमा हस्तक्षेप गर्ने स्थिति पनि छ । यो उमेर समूहको बाहुल्यता बढ्दै गयो भने राजनीतिमा उनीहरूको "बार्गेनिङ" बढ्छ । त्यो अवस्थामा पुग्नुभन्दा अगाडि नै राज्यले यसको दिगो व्यवस्थापनमा कसरी जाने भन्ने कुरो एउटा ठूलो नीतिगत बहस हो ।

२१ औं शताब्दीको सुरुआतसँगै विश्वमा जनसंख्याका अनेक समस्याहरू सतहमा देखिएका छन् । कुनै बेला जनसंख्याको तीव्र वृद्धिलाई समस्याका रूपमा लिइन्थ्यो तर अहिले प्रजननदरमा आएको गिरावट र जनसंख्याको आकार घट्दै गएको अवस्था विश्वव्यापी रूपमा देखिएको छ । जनसंख्याका यी संक्रमणको समाधानका लागि साझा धारणा बनाउने बेला विश्वमञ्चहरू उपयोग हुने गरेका छन् । जनसंख्यासँग सम्बन्धित कतिपय समस्या क्षेत्रीय चासोका छन् । तिनीहरूलाई क्षेत्रीयरूपमा बहस छलफल गरेर टुंगोमा पुग्ने गरिएको छ । सोही क्रममा एसियाली जनसंख्याका समस्या र तिनको समाधानका उपायहरू सुझाउन एसियाली जनसंख्या संघ (एपिए) को आयोजनामा मंसिर १२ देखि १५ गतेसम्म काठमाडौंमा छैटौं एसियाली जनसंख्या सम्मेलन हुन गइरहेको छ ।

नेपालले एउटा सौभाग्य पाएर अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको छ । यसको स्थानीय आयोजक त्रिविको जनसंख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) हो । नेपालले सन् २०१४ मा राष्ट्रिय जनसंख्या सम्मेलन गरेको थियो । नेपाल सन् २०२६ सम्ममा कम विकसित राष्ट्रबाट विकसित राष्ट्रतिर जाँदै छ भने नेपालले आफूलाई प्रमाणित गर्न यो सम्मेलन वास्तवमा कोशेढुंगा सावित हुने छ । यसले नेपालको जनसंख्या र विकासलाई नयाँ आयाम दिन्छ भन्ने विश्वास गरिएको छ ।

मूलरूपमा जनसांख्यिक प्रक्रिया (डेमोग्राफिक प्रोसेस) का मुख्य विषयवस्तुलाई आधार मानेर त्यस प्रक्रियासँग जोडिने विषयहरू जन्म, मृत्यु र बसाइँसराइ आदिलाई समावेश गरिएको छ । यही प्रक्रियाबाट नै जनसंख्याको आकार र संरचना निर्धारण हुन्छ । समाज र संस्कृतिसँग जनसांख्यिक प्रक्रिया (जन्म, मृत्यु र बसाइँसराइ)लाई एकीकृत गरी फराकिलो दायराबाट विकास प्रक्रियासँग जोडेर हेरियो भने समग्र विकास प्रक्रियामा योगदान पुर्‍याउने छ । आज विश्वव्यापीरूपमा नै जन्मदर घट्दै गइरहेको हुनाले र त्यसलाई बढाउन पनि नसकिने अवस्थामा पुगेको कारणले यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्नेबारेमा गहन अध्ययन अनुसन्धानको विषय बनेको छ ।

यस सम्मेलनमा जनसंख्याका निर्धारक तत्त्व र भोलिको जनसंख्या कस्तो हुने, जनसांख्यिक लाभको विकास प्रक्रियामा र अर्थतन्त्रसँगको सम्बन्ध कस्तो हुने भन्नेबारेका विषयमा बहस हुने छ । विश्वव्यापीरूपमा मृत्युदर पनि घट्दै गइरहेको छ र स्वाभाविक रूपमा नै वृद्धावस्थामा पुगेपछि मृत्यु त भइहाल्छ तर मानवीय गतिविधिका कारण उमेर पुग्नु अगावै हुने मृत्युहरूलाई कसरी रोक्न सकिन्छ त्यो पनि सम्मेलनको महत्त्वपूर्ण विषय हुने छ । सरुवारोगबाट हुने, नसर्ने रोगबाट हुने, पछिल्लो समयमा देखापरेको कोभिड-१९ को संक्रमणबाट पनि मृत्युवरण गर्नुपरेको स्थिति छ । अहिलेको एउटा नयाँ दुर्घटना चोटपटकदेखि लिएर विश्वव्यापी युद्धबाट हुने मृत्यु र राज्यको तर्फबाट मारिनेहरू (डेमोसाइड) का कारणले पनि मृत्युदर बढेको अवस्था छ । मृत्युका यी विभिन्न आयामका बारेमा पनि सम्मेलनमा छलफल हुने छन् ।

बसाइँसराइ एउटा विश्वकै ठूलो मुद्दाका रूपमा देखिएको छ । तर, पनि बसाँइसराइको क्रम निरन्तर चलिरहन्छ । यो आन्तरिक र बाहिर रूपमा पनि चलिरहेको हुन्छ । कतिपय अवस्थामा बसाइँसराइ एउटा समस्याका रूपमा आइरहेको छ । हिजो पहाडबाट तराईमा गएका मान्छेहरूलाई फेरि पहाडतिरै फर्काउने र पहाड पनि एउटा बसोबासका लागि आकर्षणको ठाउँ बन्ने विषयहरूतर्फ ध्यान बढाउनेतर्फ पनि बहस हुनुपर्दछ । तराईको बढ्दो जनघनत्वलाई कसरी न्यूनीकरण गर्ने भन्ने मुद्दाहरू यथावत् नै रहेका छन् । यसतर्फ पनि नीतिगत बहस जरुरी देखिएको छ ।

विकसित राष्ट्रहरूले पनि प्रजननदर घट्दै गएको अवस्थालाई गम्भीरतापूर्वक हेरिनुपर्दछ । अहिलेसम्म तेस्रो विश्वका देशहरूबाट विकसित मुलुकहरूमा बसाइँसराइ गर्दा युवा जनसंख्याको सन्तुलन कायम कायम भएको थियो । तर, एसियालगायतका तेस्रो विश्वमा नै जनसंख्या घट्दै जान थालेपछि विकसित देशहरूले कहाँबाट जनसंख्या आपूर्ति गर्ने ? यो पनि एउटा बहसको विषय हो । विकसित राष्ट्रहरूले जन्मदर बढाउन तीन दशकदेखि धेरै प्रयास गरे पनि सफल भएको छैन किनभने त्यो व्यक्तिगत निर्णय हो ।

यसमा राज्यले जति नै प्रयास गरे पनि गर्न सक्दैन त्यो अवस्था हाम्रो तीन दशकको अनुभवले पनि देखाइसकेको छ । यो समस्या नेपालमा पनि आइसकेको छ । २०७८ सालको जनगणनाले सहरी क्षेत्रमा प्रतिस्थापन तहभन्दा मुनि प्रजननदर देखाएको छ । कूल प्रजननदर २.१ भए पनि सहरी क्षेत्रमा २.० मात्र छ । त्यसले गर्दा जनसंख्याको समुचित व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गहनरूपमा छलफल गर्नुपर्ने भएको छ । यो सम्मेलनले हामीलाई त्यो अवसर दिएको छ । राष्ट्रिय जनगणना २०७८ का नतिजाहरू विस्तृतरूपमा आउने क्रममा छन् । यो जनसंख्या सम्मेलनमा १७ वटा विषयमा छलफल हुने छ ।

### एसियाली जनसंख्या सम्मेलनको विगत

पाँचौं जनसंख्या सम्मेलन इन्डोनेसियाको जाकार्तामा भएको थियो । त्यसले उठाएका मुख्य विषय विश्वव्यापीरूपमा जनसंख्याको व्यवस्थापन नै थियो । त्यस सम्मेलनले जनसंख्यालाई फरक-फरक कोणबाट व्याख्या गर्नुपर्दछ भन्ने मान्यता राखेको थियो । अर्थात् जहाँ उच्च जन्मदर छ, त्यहाँ एक खालको नीति र जहाँ जनसंख्या कम छ त्यहाँ अर्को खालको नीति लिनुपर्दछ भन्ने विषयमा छलफल भएको थियो । त्यहाँ के भएको थियो भने एसिया जनसंख्या स्रोत साधनको पनि केन्द्र हो । एसियामा हरेक प्रकारको सम्भावना छ र त्यो सम्भावनाको अधिकतम प्रयोग गरेर एसियाको विकास अति नै छिटो हुन सक्छ भन्ने बुझाइ त्यो सम्मेलनको थियो । त्यसले गर्दा एसियाली देशहरूमा आफूमा भएको सामर्थ्य, स्रोत र साधनलाई बढीभन्दा बढी प्रयोग गर्दै जानेक्रम पनि बढ्यो ।

भारतमा झण्डै आठ प्रतिशतको आर्थिक वृद्धि छ । त्यो वृद्धिदरमा छ भन्नुको अर्थ भारतले त्यो सम्मेलनबाट आएको जति पनि सुझावहरू छन् विशेषगरी एसियाली देशहरूका लागि पूर्णरूपमा स्वीकार गरेर त्यसअनुसारका कार्यहरू गर्‍यो । अर्थात् भारतले के बुझ्यो भने जनसंख्या समस्या होइन, सामर्थ्य हो । चीनमा वृद्ध जनसंख्या बढ्दै गएको र जन्मदर घट्दै गइरहेको छ । युवा जनसंख्या विस्तारै घट्ने क्रममा भएकाले चीनको आर्थिक विकासमा जनसंख्याको बदलिँदो स्वरूपले कहीँ न कहीँ अवरुद्ध त हुने होइन भन्ने प्रश्न उठेको छ । यो ठूलो बहस बनेको छ । त्यसले गर्दा जनसंख्यालाई विकाससँग जोडेर यसलाई एकीकृत प्रणालीमा अगाडि लिएर जानका लागि जाकर्ताको सम्मेलनले ठूलो योगदान गरेको थियो ।

यस सम्मेलनबाट एसिया प्रशान्त क्षेत्र पूर्णरूपमा लाभान्वित हुन्छ नै । त्यसको साथसाथै उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र युरोपसम्म सबैतिर यसको सन्देश प्रवाह हुने छ । तर, एसिया प्रशान्त क्षेत्रमा भने जनसंख्या र विकाससम्बन्धी खास मुद्दाहरू आउँछन् किनभने धेरै सहभागीहरू एसिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने छन् । उनीहरूले आफ्ना देशको मुद्दाहरू उठाउँछन्, जुन विश्वव्यापी जनसंख्या र विकास प्रवृत्तिसँग जोडिएका हुने छन् ।

सम्मेलनमा विकसित र विकासशील देशहरू जसरी आज जनसांख्यिक रूपान्तरण भइरहेका छन्, त्यसबारेमा सबैलाई जानकारी गराउने छ । यो सन्देश विश्वभरमै जान्छ । अहिले जुन तथ्यहरू आएका छन्, त्यसलाई हामीले बहसमा ल्याउन र अब हामीले कुन बाटो समाउँदा हाम्रो जनसंख्याको व्यवस्थापन पनि हुन्छ र विकासमा यसले योगदान गर्नसक्छ भन्ने विषयमा आउने निष्कर्षहरू सरकारलाई जनसंख्या नीति बनाउन निकै सहयोग पुग्ने छ ।

### नेपालले उठाउने विषयहरू

अहिले नेपालको जनसंख्यामा के-के कुरा स्थानान्तरण भएको छ, त्यसमा पनि बुढचौली जनसंख्या हाम्रो चुनौती हो । यो जनसंख्यालाई कसरी व्यवस्थापन गर्ने किनभने राज्यले बुढचौली जनसंख्याका लागि के कति लगानी गर्दछ ? अहिलेसम्म हामीले के सोचिरहेका छैनौं भने राज्यको कूल आयको एकदेखि तीन प्रतिशतमात्र सामाजिक सुरक्षामा खर्च गर्ने प्रचलन छ । अहिले हामी बजेटको १४ प्रतिशत खर्च गरिरहेका छौं । त्योभन्दा बढी भयो भने राज्यले थेग्न सक्दैन । त्यसले गर्दा यसका विकल्पहरू के-के छन् खोज्ने बेला आएको छ । पहिलो कुरा हामी आर्थिकरूपमा सबलीकरणमा जानुपर्ने हुन्छ । आर्थिक उन्नति सबैभन्दा महत्त्वपूर्ण कुरा हो । किनभने भोलि हामीले दिगो रूपमा बाँच्नुपर्ने र बुढचौली जनसंख्याको व्यवस्थापन हाम्रो लागि सबैभन्दा ठूलो चुनौती हो । किनभने अहिले जनसंख्याले आश्रित दर घट्दै गइरहेको देखाएको छ । जस्तो बच्चाहरूको आश्रय दर त्यो त कम भएको छ ।

हामीसँग अहिले युवा जनसंख्या छ । यस अवस्थामा हामीले आर्थिक विकासमा जनसंख्याको सदुपयोग र विकासको दायरा बढाउँदै जानुपर्ने हुन्छ । यही बढेको दायराबाट हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सक्छौं । ज्येष्ठ नागरिकले भोलिका दिनमा राजनीतिमा हस्तक्षेप गर्ने स्थिति पनि छ । यो उमेर समूहको बाहुल्यता बढ्दै गयो भने राजनीतिमा उनीहरूको 'बार्गेनिङ' बढ्छ । त्यो अवस्थामा पुग्नुभन्दा अगाडि नै राज्यले यसको दिगो व्यवस्थापनमा कसरी जाने भन्ने कुरो एउटा ठूलो नीतिगत बहस हो । अर्को कुरा अहिले जसले पनि नेपालबाट यति मान्छे विदेश गइरहेको छ, यो त देश नै खाली हुने हो कि ? भन्ने चिन्ता व्यक्त गर्ने गरेका छन् । सञ्चारमाध्यमले पनि यताबाट जानेहरूको हुलमात्रै देखाएको छ तर फर्किएकाहरूको देखाउँदैनन् । तर जाने र आउनेमा ठूलो अन्तर छ । यो एउटा प्रक्रिया मात्र नभएर साँच्चै नै भोलिका दिनमा युवा जनशक्ति नभएर देश विकासको गतिमा अवरुद्ध गर्छ कि भन्ने चिन्ताको विषय पनि हो । अब कस्तो बसाइँसराइको नीति बनाउने भन्नेमा यो एउटा बहसको विषय बनेको छ ।

अर्को विषय जलवायु परिवर्तन र यसले मानव बसोबासमा पारेको प्रभावलाई गहनरूपमा हेर्नुपर्ने हुन्छ । जलवायु परिर्वनको कारण मानिसको तराई क्षेत्रमा बसोबास कम हुँदै जाने छ किनभने अत्यधिक गर्मी भयो भने त्यहाँ बस्न नसकिने अवस्था आउँछ । त्यो हामीले अनुभव गरेका छौं कि तीन/चार वर्षको तापक्रम हेर्ने हो भने तराई क्षेत्रको तापक्रम ह्वात्तै बढेको छ । यो जलवायु परिवर्तनको प्रभाव हो नै । जलवायुका दृष्टिले बसोबासका उचित ठाउँ हिमाल र पहाड भएकाले तराईबाट फेरि मानिस फर्किने सम्भावना पनि छ । त्यो प्रक्रियालाई पछिल्लो समयका प्रकोपहरूले पहाडी क्षेत्रमा फर्कनका लागि अवरुद्ध बनाइरहेको छ । यसमा भौगर्भिक अध्ययन गरिनुपर्ने र पहाडलाई कसरी पुनर्वासको प्रक्रियामा लिएर जान सकिन्छ भन्नेबारेमा पनि निष्कर्षमा पुग्न यो सम्मेलनले केही दिशानिर्देश गर्न सक्दछ ।

तेस्रो मुद्दा भनेको जनसंख्या वितरणसँग सम्बन्धित छ । हिमाली क्षेत्रमा ३४ प्रतिशत भूगोल छ तर जहाँ जनसंख्या छ प्रतिशतमात्र छ । पहाडमा झण्डै ४२ प्रतिशत क्षेत्रफल छ, त्यसमा ४० प्रतिशत जनसंख्या छ । तराईमा २३ प्रतिशत भूगोल छ तर ५४ प्रतिशतको जनसंख्या छ । यो असन्तुलित जनसंख्याको वितरणले गर्दा आर्थिक वृद्धिदेखि लिएर उत्पादनमा अनेक चुनौतीहरू आइरहेको छ, यसमा पनि सम्मेलनमा बहस गरेर निष्कर्ष निकाल्नुपर्छ । विशेष गरेर जनसंख्या र विकास, जनसंख्या वृद्धि, जनसंख्या वितरणजस्ता विषयहरूमा सम्मेलनले दिशानिर्देशित गर्छ । अर्को कुरा लैंगिकताको हो । यी मुद्दाहरू जनसांख्यिक तथ्यले समेट्न सकेको छैन वा यी दुई विषयको सम्बन्ध स्थापना हुन सकेको छैन । यस विषयमा पनि सम्मेलनमा घनिभूत छलफल हुने नै छ । *रासस*

*(लेखक त्रिवि जनसंख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक हुन्)*

## पत्र-मञ्जुषा

# नेतृत्वबाट फैलिएको बेथिति तल्लो तहसम्म

सरकारले जाडो मौसम सुरु हुनासाथ सुरक्षाकर्मीलाई ज्याकेट तथा स्वीटर दिने गरेको छ । बर्सेनि मंसिर १ गते नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा तैनाथ सुरक्षाकर्मीलाई जाडो छल्न न्यानो कपडा दिने गरिन्छ । यो कपडा जनताले तिरेको करबाट किनिएको हो । सँगै सुरक्षाकर्मीहरूलाई खाना, खाजा र तलब पनि सर्वसाधारणले नै तिरेको करबाट दिइन्छ ।

सुरक्षाकर्मी राज्यको अभिन्न अंग हुन् । देश र जनताको सुरक्षा वा सेवामा उनीहरूको महत्त्वपूर्ण योगदान रहने गरेको छ । आफ्नो ज्यान दाउमा राखेर राष्ट्र र नागरिकका लागि काम गर्ने व्यक्ति नै सुरक्षाकर्मी हुन् । तर, पछिल्ला केही वर्षयता सुरक्षाकर्मीहरूको यो पहिचानमा दाग लाग्न पुगेको छ । अहिले सुरक्षाकर्मी आफ्नो कामप्रति जिम्मेवार नभएको देखिन्छ ।

यो वर्षको जाडो सुरु भइसकेको छ । जाडोयाम लाग्नासाथ ट्राफिक प्रहरीहरू घाम ताप्न व्यस्त देखिन्छन् । जबकि उनीहरूका लागि जनताले तिरेको करबाट जाडो छल्न न्यानो कपडासमेत दिइएको छ । सवारीसाधनको चेकिङ गर्नुको साटो ट्राफिक प्रहरीहरू एकै ठाउँमा भेला भएर गफ गरिरहेको वा घाम तापिरहेका हुन्छन् । ट्राफिक जाम वा दुर्घटना भएमा मात्र त्यहाँ पुग्छन् । फेरि दुर्घटना भएको पनि अरुले भनिदिनुपर्छ । नत्र ट्राफिकहरू गफ गर्नमै मग्न हुन्छन् । राज्यका निकायहरूको निर्णय कार्यान्वयन गर्न ट्राफिक प्रहरीको अर्को कर्तव्य, दायित्व र जिम्मेवारी पनि हो ।

हुन त मुलुकमा राजनीतिक नेतृत्वबाट गैरजिम्मेवारीपनको पाठ सिकाएको छ । नेतृत्वले जे सिकायो तलकाले त्यही पछ्याउने त हो । ट्राफिक प्रहरीको हकमा पनि त्यही लागू हुन्छ । राजनीतिक अस्थिरता, नीतिगत अस्थिरता मुलुकका लागि निकै घातक सावित भइरहेको छ । यसले दीर्घकालीनरूपमा मुलुकलाई पछाडि धकेल्ने काम भएको छ । प्रशासनिक क्षेत्रमा हेर्‍यो उही बेथिति छ । राजनीतिक र प्रशासनिक नेतृत्वबाट सिकाएको बेथितिको पाठले सबै क्षेत्रलाई विकृत बनाउने काम भइरहेको छ जुन ट्राफिक प्रहरीमा हामीले देख्यौं ।

यस्ता समस्या अझै कति समय भोग्नुपर्ने हो थाहा छैन । किनभने मुलुक बनाउने विशुद्ध लक्ष्य लिएर कोही नेतृत्व आउन सकेन । जसकारण मुलुकको समृद्धि केवल नारामै सीमित भइरहेको छ । अब यसलाई लम्बिन दिनु हुँदैन । जनता सचेत भएर यो समस्याको निकास निकाल्न ढिलाइ गर्नु हुँदैन ।

– रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# लुम्बिनीको प्राचीन सम्पदा जोखिममा

■ रामविकास चौधरी

**लुम्बिनी (मर्चवार)**– बुद्धका प्रतापी र सन्तीय गाथाहरू सुन्दै हुर्केका ६० वर्षीय हुसेनी लोधले किशोरावस्थामा मायादेवी मन्दिरमा देखेका प्राचीन मूर्ति र चीजवस्तुहरू खोज्दै गरेको वर्षौं बित्न लाग्यो । मनोलोकबाहेक उनले ती मूर्ति र चीजवस्तुहरूको साक्षात्कार गर्न सकेका छैनन् ।

प्राचीन मन्दिरभित्र रहेका मूर्तिहरूको दर्शन गर्ने उनको आश यत्तिका वर्षमा सेलाएर गएको छ । 'अब सायद कहिल्यै ती मूर्तिहरू लुम्बिनीको पवित्र माटोमा फर्किंदैनन्,' चिन्ता गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका-३ का हुसेनीले दुःखेसो पोखे । मूर्ति खोजी गर्ने आतुरताले हुसेनीको मनमा दिएको सन्तापको यो अन्तिम कारण भने होइन । प्राचीन मन्दिर भत्काइनुअघि सन् १९९२ सम्म मन्दिरपरिसरमा रहेको 'बोधीवृक्ष' र मन्दिरमा प्रयोग भएका प्राचीन इँटा पनि उनले देखिएका छैन । त्यहाँ पुरानै दृश्यको झल्को दिनेगरी नयाँ मन्दिर ठडयाइएको छ । बुद्ध गर्भस्थ रहँदा र जन्मेपछि पनि मायादेवीले स्नान गरेका पुस्कारिणी पोखरीलाई सिंगारिएको छ । सम्राट अशोकले ठडयाएको अशोक स्तभले बुद्ध जन्मस्थललाई पहिचान गराउँदै छ ।

उनले मायादेवी मन्दिरमा बिहानबेलुका बज्ने घण्टा र शंखध्वनिको आवाज सुनेर मन खुसी गराउन पाएका छैनन् । उनले आफूले सानो उमेरमा देखेका थुप्रै प्राचीन मन्दिर फेरिएको बताए । 'धार्मिक झल्को दिने पूजापाठ, मूर्ति र चीजवस्तुरु नहुँदा मन्दिरमा रौनकता छैन,' पण्डित युगुलकिशोर त्रिपाठीले भने, 'नयाँ ठडयाइएको मायादेवी मन्दिर र अनधिकृतरूपमा निर्मित गजुरमाथि देखिने असंख्य परेवाहरूले त्यहाँ शान्तिको सौम्यतालाई होइन, अनमोल सम्पदाहरू हराइरहेको ढोंग र क्रुरतालाई प्रकट गरिरहेको आभास दिएको छ ।'

लुम्बिनी उपवनभित्र समयमाइ (जसलाई रूमिन्देइमाई र पछि महामाया पनि भनिन्छ) को स्थानमा महारानी मायादेवीको कोखबाट इशापूर्व ६२३ मा बोधीसत्वले जन्म लिएका थिए । तथागत् भगवान् बुद्धले राजकुमार सिद्धार्थका रूपमा यसै लुम्बिनी भूमिमा जन्म लिई पहिलो पाइला टेकेको स्थानीय श्रुति, अशोकस्तम्भ र विभिन्न धर्मग्रन्थमा उल्लेख छ । राजकुमार सिद्धार्थका रूपमा भगवान् बुद्धको न्वारान भएको लुम्बिनी उपवन त्यसै पनि पवित्र र महत्त्वपूर्ण छ । उनलाई जन्म दिनुपूर्व महारानी मायादेवीले स्नान गरेका पुस्कारिणी पोखरी, बोधीवृक्ष, स्थानीयले चिनोस्वरूप राखिदिएको बुद्ध जन्मस्मारक शिला (मार्करस्टोन) र अशोक स्तम्भ त्यहाँका महत्त्वपूर्ण ऐतिहासिक तथा धार्मिक धरोहरहरू हुन् ।

प्राचीन मन्दिर आफैंमा अनमोल थियो । इन्द्रलगायत देवताहरूले पुष्पवृष्टि गरिरहेको बुद्ध जन्मांकृत मायादेवीको मुख्य मूर्ति, बाराहीदेवी, भगवान गणेश र दुर्गा भगवतीको मूर्ति तथा सन् १९९३ मा उत्खनन्बाट प्राप्त तथागत भगवान बुद्धको अस्तुधातुलगायतका चीजवस्तुहरू पनि लुम्बिनीका धार्मिक, पुरातात्त्विक सम्पदा हुन् । तर ती सम्पदाहरू कि त बिगारिएका छन्, तोडिएका छन् वा एक-एक गर्दै हराइरहेको पण्डित योगेन्द्रनाथ पाण्डेको भनाइ छ । 'सन् १९९३ मा मायादेवी मन्दिर तोडिँदाको समयमा मन्दिर र मन्दिर परिसरभित्र ४७ थान मूर्ति तथा सामग्रीहरू रहेको तथ्यांक छ,' पाण्डेले भने । ती मूर्तिहरू, सामग्रीहरू र अस्तुधातुसमेतको खोजी गरी लुम्बिनीमै पुनःस्थापित गर्नुपर्ने उनको माग छ ।

'ती मूर्ति र सामाग्रीहरूमध्ये बुद्धजन्मांकृत मुख्य मूर्तिको माथिल्लो दाहिनेतर्फ इन्द्रलगायतका देवताले पुष्पवृष्टि गर्दै गरेको भाग खण्डित गरी काटेर निकालिएको छ,' लुम्बिनी बचाउ महाअभियानका सहसंयोजक मेघनाथ आचार्यले भने, 'त्यसमध्ये बुद्ध जन्मांकृत महामायाको मार्बलको मूर्ति राजकीय बुद्ध बिहारमा राखिएको छ भने बाराहीदेवीको मूर्तिलाई दुई टुक्रामा खण्डित गरी संग्रहालयको बाह्य भागमा राखिएको छ । त्यसैगरी दुवै हात भाँचिएको मार्बलको बुद्ध मूर्ति तथा तामाको दुई थान बुद्ध मूर्तिबाहेक अनमोल मूर्तिहरू र अस्तुधातु लुम्बिनीमा देखिएका छैनन् ।'

लुम्बिनी विकास कोषले एक हजार १५५ बिघामा रहेको स्थानीयको घर-जग्गा अधिग्रहण गर्दा स्थानीयबासी विस्थापित भएपछि त्यहाँबाट धार्मिक तथा पुरातात्त्विक महत्त्वका मूर्ति र चीजवस्तुहरू हराउन थालेको लुम्बिनीमा गठित लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दीन खाँले बताए । उनले भने, 'गुरूयोजनाअनुसार मायादेवी मन्दिरलाई पुरानै स्वरूपमा तत्काल पुनःस्थापित गरी हराइरहेका मूर्ति र अस्तुधातु जस्ता बहुमुल्य सामग्रीहरू खोजी गरी संरक्षणको काम तत्काल थाल्नुपर्छ ।'

तत्कालीन लुम्बिनीबासी, हाल शुद्दोधन गाउँपालिका कपिलवस्तुका पूर्वअध्यक्ष नेसार अहमद खाँका अनुसार 'बुद्ध जन्मभूमि लुम्बिनी सम्पदाका अवैतनिक पहरेदार त्यहाँका स्थानीयवासीलाई २०३१ को दशकमा लुम्बिनी विकास कोषले घरजग्गाबिहीन बनाई भगाएपछि मात्र प्राचीन धार्मिक चीजवस्तुहरू हराउने र हिन्दू पुजारीबाट पूजापाठ गर्ने सदियौंको परम्परा तोडिएको थियो ।' लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुख मनमोहन चौधरीले भने, 'लुम्बिनीबाट हराइरहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको खोजी हुनैपर्छ ।' नेपाल सरकार र लुम्बिनी विकास कोषले ती सम्पदाहरूको संरक्षण-प्रवर्द्धनका लागि स्थानीय विज्ञ, खोजकर्तालाई प्रयोग गर्नुपर्ने उनको सुझाव छ ।

लुम्बिनी विकास कोषका प्रमुख पुरातत्त्वविद् हिमाल उप्रेतीले उत्खननका समयमा मायादेवी मन्दिर र परिसरमा रहेका केही मूर्ति र सामग्रीहरू लुम्बिनीस्थित संग्रहालयमा त केही छाउनी संग्रहालय काठमाडौंमा रहेको बताए । 'हराइरहेका मुख्य चार थान मूर्ति, अस्तुधातु तथा सामग्रीहरूको खोजी भइरहेको छ,' उनले भने, 'अब सबै सामग्री संग्रहालयमा स्थापित गरिने छन् ।'

कोषका सूचना प्रमुख हरिध्वज राईले प्राचीन मन्दिरमा रहेको पिपलबोटको जराले मौर्यकालीन एन्टिक इँटाहरूलाई नष्ट गरिरहेकाले युनेस्को र पुरातत्त्वविद्हरूको सल्लाहअनुसार नै हटाइएको बताए । हराइरहेका मूर्तिहरू, अस्तुधातुबारे सदस्यसचिव सानुराजा शाक्यले आफूलाई जानकारी नभएको भन्दै खोजी गर्ने जनाए । यसअघिका सदस्यसचिव अजितमान तामाङको प्रतिक्रया पनि उनीसित मिल्दो छ ।

सन् १९७० मा संयुक्त राष्ट्रसंघको अगुवाइमा लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रियस्तरको एक समिति गठन भएको थियो । समितिले त्यसै वर्ष जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टांगेलाई लुम्बिनी विकासको गुरुयोजना बनाउन नियुक्त गरेको थियो । प्रा.टांगेले बनाएको गुरुयोजनालाई सन् १९७८ मा सरकारले स्वीकृति दिएको थियो । लुम्बिनी विकास कोष ऐन, २०४२ मा कोषको गुरुयोजना कार्यान्वयन गर्न तथा रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा छरिएर रहेका विभिन्न बौद्ध तीर्थस्थलहरूको अन्वेषण, उत्खनन्, जीर्णोद्धार तथा संरक्षण-प्रवर्द्धन गर्नका लागि तत्कालीन सरकारबाट कोषको गठन भएको थियो ।

कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बुद्ध जन्मस्थल लुम्बिनीबाट हराइरहेका मूर्तिहरू र तथागत भगवान् बुद्धको अस्तुधातुलगायत बहुमूल्य सामग्रीबारे चिन्ता व्यक्त गरे । उनले त्यसबारे सत्यतथ्य खोजी पारी लुम्बिनीमै पुनःस्थापित गर्ने प्रतिबद्धता जनाए । *रासस*

## त्रिपालमै नगर अस्पताल

**सुर्खेत (प्रस)**– जाजरकोटको नलगाड नगरपालिकाको नगर अस्पताल अझै त्रिपालमै सञ्चालन भइरहेको छ । भूकम्प गएको एक वर्ष बित्दा पनि नगर अस्पतालको सेवा त्रिपालबाटै सञ्चालन गर्नुपर्ने बाध्यता भएको अस्पतालले जनाएको छ ।

नयाँ नगर अस्पतालको खभवन निर्माण पूरा नभएका कारण नगर अस्पताल अझै त्रिपालमै रहेको नगरप्रमुख डम्बर रावतले बताए । उनका अनुसार १५ शयचाको अस्पताल दुई वर्षअघि हुनुपर्ने भए पनि अस्पताल निर्माण व्यवसायीको लापरबाहीका कारण समयमा निर्माण नहुँदा त्रिपालको साहारामा स्वास्थ्य सेवा सञ्चालन गरिएको छ ।

चिसो मौसममा सेवा प्रवाह गर्न मुस्किल हुँदै गएको स्वास्थ्यकर्मीले बताएका छन् । पूर्वी जाजरकोटको सबैभन्दा ठूलो अस्पतालका रूपमा यसलाई लिइन्छ । दैनिक ५० भन्दाबढी बिरामी यहाँ उपचारका लागि आउने गर्छन् । नगर अस्पताल निर्माण हुन अझै कम्तीमा एक वर्ष लाग्ने सम्भावना रहेको नगर प्रमुख रावतले बताए । भेरी करिडोरको बीच भागमा नगर अस्पताल रहेको छ । डोल्पा, जाजरकोट र रूकुम पशिचमका स्थानीयवासीहरू यहाँ उपचारका लागि आउने गर्छन् ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८१।०८।०६ गते तान.पा.न.३, तिनपिप्ले, काठमाडौंबाट पार्किङ गरी राखेको कालो, रातो रङ्गको 220 cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिन्स सर्भ लि.**
**ऋणीको नाम : नोर्चेन तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०४७ प ५५५१**
**च्यासिस नं.: MD2A13EX6HCM84345**
**इन्जिन नं. : DKXCHM38723**
**ठेगाना: बालाजु, काठमाडौं**
**सम्पर्क: ९८५१२२१०७८**


**Sudurpaschim Province Government**
**Ministry of Land Management, Agriculture and Cooperatives**
## Directorate of Livestock and Fishery Development
**Dipayal, Doti**

## Invitation for Bids

**Date of publication: 25 Oct 2024**

**Invitation for Bids No: DOLFD/G/2081-082/01**

1. The Directorate of Livestock and Fisheries Development invites **electronic** bids from eligible bidders for the procurement of **Annual Spare-Parts/Consumable and Operation Service for Liquid Nitrogen Plant** under National competitive bidding.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Directorate of Livestock and Fishery Development, Sudurpaschim Province, Dipayal, Doti, Tel: 094-440146 or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ace Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

## साउदीमा रोजगार

कम्पनी : FUEL SUPPORT SUPPLY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314130 | चलानी नं. ६०२२८४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sealer/Packer | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE UNIQUE EXPERIENCE COMPANY FOR MEALS

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314131 | चलानी नं. ६०२२८४८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COOKER/COOK | 4 | 0 | 1500 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Noor Overseas Pvt. Ltd
श्रम ईजाजत नं. १०६८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदीमा रोजगार

कम्पनी : Daaem Advanced Support Services Co

शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314034 | चलानी नं.६०२२८५०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 9 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Yusr Industrial Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 309523 | चलानी नं. ६०२२४१४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 3 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

# विकासोन्मुख राष्ट्रलाई ३०० अर्ब डलर सहयोगको जलवायु सम्झौता

बाकु- अजरबैजानको बाकुमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु वार्तामा भएको सम्झौताले धेरै प्रदूषण उत्सर्जकहरूले गरिब राष्ट्रहरूलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्न र विश्वव्यापी तापमान वृद्धिलाई अनुकूलन गर्न मद्दत गर्न प्रदान गर्ने रकममा वृद्धि गर्ने भएको छ ।

संयुक्त राष्ट्रसंघले सन् १९९२ मा स्थापना गरेको संरचनाअनुसार सबैभन्दा बढी ग्रह ताप उत्सर्जनका लागि जिम्मेवार २३ विकसित देश र युरोपेली संघलाई पृथ्वीमा सबैभन्दा बढी ताप उत्सर्जनका लागि जिम्मेवार ठहर गर्दै उनीहरूले वार्षिकरूपमा कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउनुपर्ने सम्झौतामा उल्लेख छ ।

बाकु सम्झौताले सन् २०३५ सम्ममा विकसित देशहरूले प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउनुपर्ने गरी यस पहिलेको १०० अर्ब डलरको प्रस्तावलाई संशोधित गरेको हो । अघिल्लो सम्झौतामो १०० अर्ब अमेरिकी डलर सहयोग गर्ने प्रस्ताव गरिएको थियो ।

तर यो रकम पनि बाकुमा भएको वार्तामा केही विकासोन्मुख देशहरूले गरेको माग (५०० अर्ब डलर) भन्दा निकै कम हो । यो रकम सरकारी बजेट, निजी क्षेत्रको लगानी र अन्य वित्तपोषण सहित 'विभिन्न स्रोतहरू' बाट सीधै आउने सम्झौतामा उल्लेख छ ।

यसले उड्डयन र समुद्री उद्योगहरू, र धनी राष्ट्रहरूमा छलफलअन्तर्गत सम्भावित विश्वव्यापी करहरूको सन्दर्भजस्ता 'वैकल्पिक स्रोतहरू' पनि उद्धृत गर्दछ । अर्को दशकसम्म प्रतिवर्ष कम्तीमा १.३ ट्रिलियन डलर वितरण गर्ने महत्त्वाकांक्षी लक्ष्यमा पुग्न विकसित देशहरूको पैसाले निजी लगानीलाई बढावा दिन पनि मद्दत गर्ने विश्वास सम्झौतामा उल्लेख छ । संयुक्त राष्ट्रसंघले नियुक्त गरेका विज्ञहरूले सन् २०३५ सम्ममा उक्त रकम आवश्यक रहेको बताएका छन् ।

'यी कोष र यस संरचनाको साथ हामी १.३ ट्रिलियनको जलवायु वित्त संकलन र वितरणको उद्देश्यमा पुग्नेछौं,' इयूका जलवायु आयुक्त ओपके होक्स्ट्राले सहकर्मी कोप-२९ प्रतिनिधिसँग भने ।

### चीनको भूमिका

संयुक्त राज्य अमेरिका र इयूले चीन र साउदी अरबजस्ता विकासशील तर अहिले धनी भएका देशहरूलाई समावेश गर्न दाताहरूको आधार विस्तार गर्न जोड दिएका थिए । तर विश्वको दोस्रो ठूलो अर्थतन्त्र र हरितगृह ग्यास उत्सर्जन गर्ने चीनले द्विपक्षीय सहायता उपलब्ध गराइसकेको स्मरण गर्दै आफ्नो हैसियत परिवर्तन गर्न अस्वीकार गर्दै आएको छ ।

यस सम्झौतामा विकसित राष्ट्रहरूले ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउन 'नेतृत्व लिने' उल्लेख छ । यस पदले विकासशील देशहरूलाई 'स्वेच्छिक योगदान' गर्न प्रोत्साहन गर्छ । सम्झौतामा चीनजस्ता विकासशील देशहरूले बहुपक्षीय विकास बैंकहरूमार्फत प्रदान गर्ने जलवायु वित्त ३०० अर्ब डलरको लक्ष्यमा गणना हुने छ ।

होक्स्ट्राले भने, 'यो निष्पक्षता र हाम्रो लागि महत्त्वको विषय पनि हो । सहयोग गर्नसक्ने क्षमता भएका सबैले योगदान गर्नुपर्छ ।' उनले थपे, 'त्यसैले समस्याको आकारलाई ध्यानमा राख्दै, हामी स्वेच्छिक आधारमा योगदानकर्ता आधार विस्तार गर्नु राम्रो हो ।'

यो वार्ता विकासशील विश्वमा असहमतिको दृश्य पनि थियो । साना टापु राष्ट्रहरूको गठबन्धन (एओएसआइसिस) ले ३९ अर्ब अमेरिकी डलर माग गरेको भए पनि यो आँकडा अन्तिम सम्झौतामा परेको देखिँदैन । यसको साटो सन् २०३० सम्ममा प्राप्त हुने अन्य सार्वजनिक कोषलाई तीन गुणा बढाउनुपर्ने माग गरिएको छ । सन् २०२५ मा ब्राजिलमा हुने अर्को कोप सम्मेलनले यी देशहरूका लागि जलवायु वित्त कसरी बढाउन सकिन्छ भन्नेबारे एक प्रतिवेदन जारी गर्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : Afaq Sada Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314075 | चलानी नं. ६०२२८५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1300 | ४६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9801123473, 9848172662, Email: Koperasi227@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Rawad Al Namo General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314136 | चलानी नं. ६०२२८५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 17 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SADIKSHA OVERSEAS PVT LTD
Samakhusi-29, Kathmandu, Nepal, Tel: (977)-1-4380181/4288200
Email: info@sadiksha.com.np, Web: www.sadikshaoverseas.com.np

Govt. License 769/065/066

## कतारमा रोजगार

कम्पनी : THEIA BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ | LT. No. 314005 | चलानी नं. ६०२२८४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 1 | 1700 | ६२,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १५ गते (30th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


यो विज्ञापन LT No. 314005 मिति: २०८१/०८/०८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com

श्रम इजाजत नं. १५४८/०७८/०७९


## महाराष्ट्र र झारखण्ड विधानसभा चुनावमा 'ऐतिहासिक जित' : *मोदी*

नयाँदिल्ली- भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको महायुति गठबन्धनले महाराष्ट्रमा कीर्तिमानी बहुमतका साथ सत्ता कायम राख्ने तयारी गरिरहँदा प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्र र झारखण्ड विधानसभा चुनावमा विकास र सुशासनको 'ऐतिहासिक विजय' भएको बताएका छन् ।

महायुतिले महाराष्ट्र विधानसभा चुनावमा २८८ सिटमध्ये २३० सिटमा जित हासिल गरेको छ वा अग्रता लिएको छ । विपक्षी गठबन्धन महाविकास अघाडीले ५० सिटमा जित हासिल गरेको छ वा अग्रता लिएको छ ।

त्यसैगरी, झारखण्डमा झारखण्ड मुक्तिमोर्चा (जेएमएम) नेतृत्वको गठबन्धनले ५६ सिट जित्ने देखिएको छ । यहाँ जेएमएम एक्लैले ३४ सिट जित्ने अनुमान गरिएको छ । कांग्रेसले १६, राष्ट्रिय जनता दलले चार र भाकपा (माले) ले दुई सिट जित्ने अनुमान गरिएको छ ।

झारखण्डमा विपक्षी भाजपाले २२ सिट जित्ने देखिएको छ भने उसको सहयोगी अल झारखण्ड स्टुडेन्ट्स पार्टी (आजसू), लोक जनशक्ति पार्टी (रामविलास) र जनता दल (युनाइटेड) ले एक-एक सिट जित्ने अनुमान गरिएको छ । यहाँका धेरै सीटमा अझै मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार हेमन्त सोरेनले भाजपाका गामलियाल हेम्ब्रोमलाई ३९ हजार ७९१ मतको अन्तरले पराजित गर्दै बरहैतमा निर्वाचित भएका छन् । सोरेनलाई ९५ हजार ६१२ मत प्राप्त भएको छ भने हेमब्रोमले ५५ हजार ८२१ मत प्राप्त गरेका छन् ।

सोरेन अब जेएमएम नेतृत्वको गठबन्धनको नेतृत्वमा झारखण्डको मुख्यमन्त्रीको रूपमा फर्कने तयारीमा देखिएका छन् ।

सामाजिक सञ्जाल एक्समा एक पोस्टमा प्रधानमन्त्री मोदीले भाजपा नेतृत्वको गठबन्धनलाई मतदान गरेकोमा आभार प्रकट गर्दै महाराष्ट्रको प्रगतिको लागि भाजपा र भाजपा नेतृत्वको गठबन्धनले काम गरिरहने आश्वासन दिएका छन् । *रासस/एएनआई*

## रूसी संसद्द्वारा रक्षा खर्चमा भारी वृद्धि गर्ने प्रस्ताव अनुमोदन

मस्को- रूसी सांसदहरूले बिहीबार रक्षा खर्चमा करिब ३० प्रतिशतले वृद्धि गर्ने निर्णय गरेका छन् । यसले युक्रेनविरुद्धको सैन्य आक्रमणका लागि अर्को वर्ष थप ठूलो खर्च गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

मस्कोले आफ्ना लाखौं अग्रपंक्तिका सैनिकलाई आकर्षक तलब दिएर सोभियतकालदेखि अहिलेसम्म नदेखेको स्तरमा सैन्य खर्च बढाएको छ । तल्लो सदन स्टेट डुमाका सांसदहरूले बिहीबार बजेट पारित गर्ने पक्षमा मतदान गरेका हुन् ।

राष्ट्रपति भ्लादिमिर पुटिनले यसै वर्षको सुरुमा मस्कोले आफ्नो अर्थतन्त्रको करिब नौ प्रतिशत रक्षा र सुरक्षामा खर्च गरिरहेको बताएका थिए । यो आँकडामा रूसी बजेटका अन्य भागहरू समावेश छन् जुन अनिवार्यरूपमा सुरक्षा खर्च हुन् तर यसलाई 'राष्ट्रिय रक्षा' को रूपमा वर्गीकृत गरिएको छैन ।

'राष्ट्रिय रक्षा' मारूसको जिडिपीको छ प्रतिशतभन्दा बढी एक खर्ब ३४ अर्ब अमेरिकी डलर खर्च गर्ने बजेटमा व्यवस्था गरिएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनले यसै वर्षको सुरुमा मस्कोले आफ्नो अर्थतन्त्रको करिब नौ प्रतिशत रक्षा र सुरक्षामा खर्च गरिरहेको बताएका थिए । *रासस/एएफपी*

Sudurpaschim Province Government
Ministry of Physical infrastructure Developement

### Patharaiya Mohana Irrigation Management office

Dhangadhi, Kailali

## Invitation for Bids

**First Date of publication:2081/08/10**

Patharaiya Mohana Irrigation Management Office Dhangadhi,Kailali invites electronic bids from eligible bidders for the following construction works under NCB Bidding procedure. Bidder may obtain further detailed information from PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description of works | Bid Security Amount (NRs.) | Minimum Average Annual Construction Turnover (NRs.) | Minimum Work experience of similar size and nature (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | PMIMO/NCB/ WORKS/ 01/2081-082 | Canal Maintenance and Structure Construction Work at Tedhi Irrigation Project. | 463000.00 | 27800000.00 | 7500000.00 | 5,000.00 |

**Office Chief**

### किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बागमति प्रदेश, नेपाल
काहुले, नुवाकोट

## बोलपत्र स्वीकृतका लागि आशयको सूचना

(प्रकाशित मिति :२०८१/०८/१०)

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय e-portalwww.bolpatra.gov.np/egp मार्फत मिति २०८१/०६/२२ गते प्रकाशित बोलपत्र अह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| १. | KRM/NCB/WORKS/ ROAD/08/2081/082 | Upgrading of Kamidanda Thandapani Hudai Deurali Sadak | JV Name :DSEPL-KCSPL Join Venture Lead: DS Engineering Pvt.Ltd Sub: Krishtina Construction And Suppliers Company Pvt.ltd Melamchi Municipality-11 Sindupalchowak | Rs.54,72,676.02 |
| २. | KRM/NCB/WORKS/ ROAD/07/2081/082 | Tapkachet Dupchechaur Railakhola Kolchet Hudai Bairamarang Sadak Istarunnati | Arpan Construction And Suppliers Pvt.Ltd Koteshwor -32,Kathmandu | Rs.1,01,53,852.38 |
| ३. | KRM/NCB/WORKS/ ROAD/06/2081/082 | Upgrading of Kirnebagar Gunsa Belsing Merechet Dongle Danda Brutungo Sadak | Arpan Construction And Suppliers Pvt.Ltd Koteshwor -32,Kathmandu | Rs.51,40,003.46 |

**प्रमुख प्रशासकीय अधिकृत**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६७२०० | प्रति तोला - ० | प्रति तोला - १९६० |



**कर्णाली र हुम्ला करिडोर** | कालिकोटको नरहरीनाथ गाउँपालिका-१ बाट देखिएको कर्णाली नदी र नदीको दुवै साइटमा देखिएको कर्णाली र हुम्ला करिडोर । *तस्बिरः सुरेश आचार्य/रासस*

# 'स्टार्ट अप सरकारको लोकप्रिय कार्यक्रम बन्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले युवा उद्यमी तथा नवप्रवर्तकका लागि 'स्टार्ट अप' लाई सरकारले लोकप्रिय कार्यक्रमका रूपमा अगाडि बढाएको बताएका छन् ।

मन्त्रालयद्वारा 'उद्यमशील संस्कृति, राष्ट्रको समृद्धि' भन्ने नाराका साथ १०औं राष्ट्रिय दिवसका अवसरमा यहाँ आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले 'स्टार्ट अप' कार्यक्रमलाई लोकप्रिय बनाउन निजी क्षेत्र र बैंक तथा वित्तीय क्षेत्रको पनि उत्तिकै सहयोग आवश्यक रहेको औंल्याए । मन्त्री भण्डारीले बैंक तथा वित्तीय संस्थालाई 'स्टार्ट अप' सँग जोडेर थन्किएर रहेको पुँजीलाई चलायमान बनाउन आग्रह गरे ।

मन्त्री भण्डारीले मुलुकमा देखिएको औद्योगिक क्षेत्रको निराशा चिर्न सरकार र निजी क्षेत्रबीच सहकार्यको आवश्यकता रहेको बताए । कानुनीरूपमा देखिएका जटिलता हटाएर सरकार निजी क्षेत्रसँग हातेमालो गर्न तयार रहेको उनको भनाइ थियो । 'निजी क्षेत्र र सरकारबीच सहकार्य भए समृद्धि टाढा छैन,' मन्त्री भण्डारीले भने, 'सरकार निजी क्षेत्रले भनेअनुसार बाधक रहेका सबै कानुन संशोधन गर्न तयार छ, निजी क्षेत्रले लगानीमैत्री वातावरण बनाउनका लागि बनाउनुपर्ने कानुनका विषयमा आवश्यक छलफलसहित सुझाव दिन म आग्रह गर्दछु ।'

उद्योग मन्त्रालयसँग सम्बन्धित ऐन, नियम र कानुन लामो समयदेखि संसद् र संसदीय समितिमा अड्किएको अवस्था रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले एउटा मन्त्रालयको कानुनले अर्को मन्त्रालय नचिन्ने वातावरण हटाउन सरकार नीतिगतरूपमै लागेको जानकारी गराए । शिक्षा र रोजगारीका लागि विदेसिएका युवालाई यथेष्ट सहुलियत दिएर स्वदेश फर्काउनुपर्नेमा जोड दिँदै मन्त्री भण्डारीले निजी क्षेत्रको उत्तिकै सहयोगको खाँचो औंल्याए । रूग्ण उद्योग सञ्चालनका लागि निजी क्षेत्रसँगको सहकार्यमा आयोग बनाएर आवश्यक रणनीति बनाउन सरकारले छलफल थालेको उनको भनाइ छ ।

सो समारोहमा उद्योगसचिव कृष्णबहादुर राउत, वाणिज्यसचिव गोविन्दबहादुर कार्की, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष कुशकुमार जोशी, महासंघका उपाध्यक्ष शुरकृष्ण वैद्य, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल उद्योग व्यापार महासंघका वरिष्ठ उपाध्यक्ष श्यामप्रसाद श्रेष्ठ, महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञवालीलगायतले बजार चलायमान बनाउनका लागि सरकारले सहयोग गर्नुपर्ने बताए ।

उनीहरूले नेपाली उत्पादनको उपभोग बढाउन नसकेकामा चिन्ता प्रकट गर्दै नेपालमा उत्पादित वस्तु मेला, महोत्सव तथा प्रदर्शनीमा मात्र सीमित बनेको गुनासो गरे । सरकारीस्तरबाटै नेपाली उत्पादनको उपभोग बढाउनुपर्नेमा जोड दिँदै उनीहरूले नेपाली उत्पादनको उपभोग नबढेसम्म बजार चलायमान हुन नसक्ने बताए । साथै वक्ताहरूले आयात प्रतिस्थापनमा जोड दिँदै बाहिर मुलुकबाट आउने वस्तुको भन्सार दरभन्दा नेपाली उद्योगले आयात गर्ने कच्चापदार्थको भन्सार महसुल बढी हुँदा नेपाली उद्योगी मर्कामा परेको गुनासो गरेका थिए ।

# समपूरक र विशेष अनुदान कार्यविधि संशोधन गरिँदै

## मौजुदा कार्यविधि संशोधनका लागि मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न एनडेक बैठकको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५३औं बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न निर्देशन दिएको छ ।

अघिल्लो साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको हो । 'स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमताअनुसार समपूरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुनेगरी र सामाजिक, आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी समपूरक अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा संशोधनका लागि तीन महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने छ,' एनडेकको निर्णयमा भनिएको छ ।

विशेष अनुदानअन्तर्गत सञ्चालन भएका आयोजना/कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेदमा परेका वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न भनिएको छ ।

विद्यमान कार्यविधिअनुसार संघीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्ने छ भने ५० प्रतिशत रकम संघीय सरकारले उपलब्ध गराउँछ । आर्थिकरूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत बेहोर्नसक्ने क्षमता नहुँदा समस्या देखिएको राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा. दिवाकर लुइँटेलले बताए ।

'आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नुपर्ने भएपछि उनीहरू आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव गर्न नसक्ने अवस्था थिए । स्रोतको समन्यायिक वितरण गर्न पनि लागत साझेदारी घटाएर कम गर्ने वा राख्दै नराख्ने भन्नेबारे अध्ययन गरी कार्यविधिको मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पेस हुने छ,' उनले भने ।



> आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नुपर्ने भएपछि उनीहरु आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव गर्न नसक्ने अवस्था थिए । स्रोतको समन्यायिक वितरण गर्न पनि लागत साझेदारी घटाएर कम गर्ने वा राख्दै नराख्ने भन्नेबारे अध्ययन गरी कार्यविधिको मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पेस हुने छ ।
>
> ■ **डा. दिवाकर लुइँटेल**
> **सहप्रवक्ता, राष्ट्रिय योजना आयोग**

संघीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्थाअनुसार योजना आयोगले प्रत्येक वर्ष मंसिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्दछ ।

त्यस्तै, सम्बन्धित प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि प्रस्ताव पेस गरिसक्नुपर्ने हुन्छ । कार्यविधि संशोधनका लागि एनडेकले तीन महिनाको समयावधि दिएको अवस्थामा विद्यमान व्यवस्थाअनुसार प्रस्ताव माग हुन्छन् वा नयाँ व्यवस्थाअनुसार माग हुन्छ भन्ने स्पष्ट नभएको आयोगका सहप्रवक्ता लुइँटेलले उल्लेख गरे । कार्यविधि चाँडो संशोधन गरेर त्यसपछि मात्रै योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न उपयुक्त हुने उनले धारणा राखे ।

'कार्यविधि संशोधनका लागि काम सुरु भइसकेको छ । योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने सूचना निकाल्नुअघि कार्यविधि संशोधन भइसक्छ,' सहप्रवक्ता लुइँटेलले भने । संघीय सरकारले योजना आयोगको सिफारिसमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ । यस्तो अनुदान लिन प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्यांकन (इआइए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायत विवरण अनिवार्यरूपमा प्रस्तावसँगै पेस गर्नुपर्ने आयोगले जनाएको छ । सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै ती योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ ।

यस्तो अनुदानबाट खर्च बेहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ । तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाका लागि यो शीर्षकअन्तर्गत बजेट जाँदैन । प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कूल लागत अनुमान न्यूनतम एक करोड रूपैयाँदेखि अधिकतम १० करोड रूपैयाँसम्म रहेको छ ।

उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमको लागत न्यूनतम पाँच करोड रूपैयाँदेखि अधिकतम २५ करोड रूपैयाँसम्म रहेको छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि कूल लागत अनुमान २० करोड रूपैयाँदेखि एक अर्ब रूपैयाँसम्म हुनुपर्छ ।

विशेष अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा १० करोड रूपैयाँ र स्थानीय तहको हकमा कम्तीमा ५० लाखदेखि बढीमा १० करोड रूपैयाँसम्मको सीमा तोकिएको छ । क्षेत्रगतरूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ । विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजना पर्दछन् ।

# दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा दोहोरो अंकको गिरावट आएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार आइतबार नेप्से परिसूचक १३.०३ अंकले घटेर दुई हजार ६६७.४० को बिन्दुमा झरेको हो ।

यस दिन ३२२ कम्पनीको एक करोड ५२ लाख ७० हजार १९७ कित्ता सेयर ७६ हजार ४१८ पटक खरिदबिक्री हुँदा सात अर्ब ७२ करोड ८८ लाख ६१ हजार रूपैयाँको कारोबार भएको छ । लगानी समूह ०.०८ र उत्पादन तथा प्रशोधन समूह ०.६८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी विकास बैंक समूह १.६३ प्रतिशतले घटेको छ ।

बैंकिङ ०.५४, वित्त ०.३७, होटल तथा पर्यटन ०.४९ र जलविद्युत् समूह ०.४१ प्रतिशतले घटेको छ । त्यसैगरी जीवन बिमा ०.५५, लघुवित्त ०.९४, म्युचुअल फण्ड ०.१२, निर्जीवन बिमा ०.१७, व्यापार ०.०७ र अन्य समूह ०.७१ प्रतिशतले घटेका छन् । थ्रीस्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य आइतबार सबैभन्दा बढी ९.९१ प्रतिशतले बढेको छ । सबैभन्दा बढी घट्नेमा भने सेञ्चुरी डिभेञ्चर-२०८८ ७.७५ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी ६० करोड ८७ लाख ३६ हजार रूपैयाँबराबरको सेयर किनबेच भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा डादी पावर लिमिटेडको सात लाख २० हजार ८१३ कित्ता सेयर किनबेच भएको छ ।

# म्याग्दीमा करिब तीन हजार उद्योग

**म्याग्दी–** यस जिल्लामा करिब तीन हजार उद्योग सञ्चालनमा रहेका पर्यटन तथा उद्योग कार्यालयले जनाएको छ । १०औं उद्योग दिवस-२०८१ का अवसरमा आइतबार पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले आयोजना गरेको कार्यक्रममा कार्यालय प्रमुख पोषानाथ शर्माले तीन हजार ३८४ उद्योग दर्ता भएकामा दुई हजार ९१९ वटा सञ्चालनमा रहेका जानकारी गराए । 'पछिल्लो केही वर्षयता उद्योग व्यवसाय दर्ताको तुलनामा खारेजी हुनेको दर बढेको छ,' उनले भने, 'वैदेशिक रोजगारका लागि कारोबार देखाउन, बैंकबाट ऋृण र राज्यबाट अनुदान लिन कागजी प्रक्रिया पूरा गर्न दर्ता भएका उद्योग र व्यवसाय उद्देश्य पूरा भएपछि कर तिरिरहनुभन्दा खारेज भएका हुन् ।'

आर्थिक वर्ष २०८०/८१ मा २११ उद्योग, व्यवसाय दर्ता भएको कार्यालयमा ८४ वटा खारेज भएका थिए । कार्यालयका अनुसार २०८०/८१ मा ३१ वटा उद्योग र ५३ वटा व्यावसायिक फर्म खारेज भएका हुन् । आर्थिक वर्ष २०७९/८० मा १४ वटा उद्योग र २९ वटा व्यावसायिक फर्म खारेज भएका थिए । आर्थिक वर्ष २०७७/७८ मा ७६२, २०७८/७९ मा ५७० र २०७९/८० मा ३१७ वटा उद्योग र व्यावसायिक फर्म दर्ता भएका थिए । गत वर्ष ३२२ उद्योग र ३९४ व्यावसायिक फर्मले नवीकरण गरेका थिए । गत वर्ष दर्ता भएका उद्योगमा ३०० जनालाई रोजगारी सिर्जना भएको कार्यालय प्रमुख शर्माले बताए ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुवीन श्रेष्ठले कोरोना महामारीपछि आर्थिक मन्दीका कारण उद्यमी व्यवसायी विदेश पलायन हुने र अन्य पेसा रोज्ने क्रम बढेको बताए । उद्योग वाणिज्य संघको चुनावी प्रयोजनका लागि दर्ता भएका व्यावसायिक फर्महरू पनि पछिल्लो समय स्थानीय तह, उद्योग तथा पर्यटन कार्यालय र आन्तरिक राजस्व कार्यालयमा कर तिर्नुपर्ने भएपछि बन्द गर्न थालेका हुन् ।

यसैगरी १०औं उद्योग दिवस-२०८१ का अवसरमा पर्यटन तथा उद्योग कार्यालय, म्याग्दीले तीनजना उद्यमीलाई सम्मान गरेको छ । रघुगंगा गाउँपालिका-१ बेगकी मेनुका सिलाइकटाइ तथा प्रशिक्षण केन्द्रकी मेककुमारी पुन, बेनी नगरपालिका-८ गणेशटोलको वेदना सु-सेन्टरका सुकलाल किसान र बेनी नगरपालिका-७ कुरिलाखर्कको शर्मा कृषि तथा पशुपक्षी फार्मका सञ्चालक कृष्णप्रसाद शर्मालाई सम्मान गरिएको हो । गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री रेशमबहादुर जुग्जाली (सुविन), जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, प्रमुख जिल्ला अधिकारी गुरूदत्त ढकालगायतले उनीहरूलाई दोसल्लो ओढाएर सम्मानपत्र प्रदान गरेका थिए । प्रदेशसभा सदस्य जुग्जालीले म्याग्दीमा आवश्यकता र सम्भावनामा आधारित भएर सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक भएको बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ